जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक ६३ • २०८० साल साउन ६ गते शनिबार (22 July, Saturday, 2023) • पृष्ठ ८ • मूल्य रु. ५।-

## मधेशको मुद्दालाई सम्बोधन गर्न सरकार प्रतिवद्ध : मन्त्री शर्मा

### 'नागरिकता र मिटरव्याजीको समस्या समाधान'

**टुडे समाचारदाता**

जनकपुरधाम । सञ्चार तथा सूचना प्रविधि मन्त्री रेखा शर्माले वर्तमान सरकारले सुरुदेखि नै सुशासन, भ्रष्टाचारविरुद्ध कडाइका साथ प्रस्तुत भइ रहेको बताएकी छन् ।

नेपाल टेलिकम प्रादेशिक निर्देशनालय मधेश प्रदेशद्वारा शुक्रबार जनकपुरधाममा आयोजित नेपाल टेलिकमको सेवासम्बन्धी जानकारी एवं अन्तरक्रियामा सञ्चारमन्त्री शर्माले भनिन- 'सरकार सुरुदेखि नै सुशासनमा केन्द्रित हुँदै भ्रष्टाचारविरुद्ध कडाइका साथ प्रस्तुत भएको हुँदा सरकारका कदमबाट धेरैलाई टाउको दुखेको छ ।'

उनले सरकारले अहिले नागरिकता विधेयक ल्याएर मधेशमा ठूलो समस्याका रूपमा देखिएको समस्या समाधान गरेको बताइन् । उनले भनिन-'अहिले नागरिकताविहीन नेपालीका छोराछोरीले नागरिकता पाइरहेका छन् । निजामती सेवा ऐन पनि अगाडि बढ्दैछ । सेवा प्रवाहका काममा पनि सरकार गम्भीरताका साथ लागेको छ । यसबाट कसैको टाउको दुखेको छ, त्यो सडक र सदनमा पनि बेलाबेला देखिन्छ ।'

मन्त्री शर्माले सक्कली नेपालीलाई नागरिकता दिन विधेयक ल्याएको बताउँदै कहीँ कतै त्यसको दुरुपयोग भए कानुनको दायरामा आउने स्पष्ट पारिन् । उनले अहिले सरकारले मिटरब्याज पीडितहरूलाई न्याय दिनका लागि शक्तिशाली आयोग बनाएर जनकपुरधामबाट नै समस्या समाधानको पहल गरिएको र पीडितलाई न्याय दिने काम अघि बढेको बताइन् ।

सरकारले सार्वजनिक सेवा प्रवाहलाई सहज बनाउने नीतिलाई प्राथमिकतामा राखेकाले टेलिकमको सेवा प्रवाह पनि सहज हुनुपर्ने उनले बताइन् । उनले सेवाग्राहीले सेवा नपाउँदा गर्ने गुनासो सुनुवाइलाई प्राथमिकतामा राखेर त्यसलाई सम्बोधन गर्नेगरी कर्मचारीलाई प्रशिक्षित गर्नुपर्ने धारणा राखिन् ।

उनले आफू मन्त्री भएपछि पहिलो निर्णयका रूपमा राजमार्गको सबै ठाउँमा मोबाइल र इन्टरनेट सेवा विस्तार गर्न निर्देशन दिएको स्मरण गराउँदै यसको पूर्ण कार्यान्वयनका लागि कदम अघि बढाउनुपर्ने बताइन् ।

मन्त्री शर्माले डिजिटल साक्षरता प्रवर्द्धन गर्न र सामाजिक सञ्जाललाई कानुनी दायरामा ल्याइ मर्यादित र व्यवस्थित गर्न मन्त्रालय लागि परेको बताउँदै उनले चालु आर्थिक वर्षमा कानुन



बनाई सामाजिक सञ्जाललाई मर्यादित गर्न ठोस कदम चालिने जानकारी दिइन् ।

उनले विद्युतीय तथ्याङ्कहरूको सुरक्षित भण्डारण र उपयोगलाई व्यवस्थित बनाउन विद्युतीय तथ्याङ्क सुरक्षा नीति तर्जुमा गरिनेसमेत जानकारी दिइन् ।

मन्त्री शर्माले दूरसञ्चारसम्बन्धी फोरजी सेवाको देशभर विस्तार र फाइभजी सेवाको लन्च गरेर शिक्षा, स्वास्थ्य, पर्यटन लगायतका क्षेत्रहरूको पूर्वाधार विकास गरी मुलुकको राजस्व वृद्धिमा योगदान पुर्‍याउने योजनाका साथ काम भइरहेको बताइन् ।

> मन्त्री शर्माले सूचना र प्रविधिको क्षेत्रमा भएको तीव्र विकासलाई मध्यनजर गरेर ऐन, नियमहरु बनाउने काममा सरकारले विशेष ध्यान दिइरहेको समेत बताइन् ।

उनले ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको उपलब्धताबारे विस्तृत अध्ययन अनुसन्धान गरी विकट तथा दुर्गम क्षेत्रमा विद्यमान डिजिटल डिभाइडलाई सम्बोधन गर्नुपर्ने बताइन् । मन्त्री शर्माले सूचना प्रविधि तथा दूरसञ्चार क्षेत्रका नवीनतम् प्रविधिहरूको अध्ययन, अनुसन्धान गरी नीतिगत र कानुनी प्रबन्ध गरेर त्यसको लाभ ग्राहकवर्गले लिने र त्यसको माध्यमबाट आर्थिक सामाजिक रूपान्तरणको गतिलाई अघि बढाउनुपर्ने आवश्यकता देखिएको बताइन् ।

उनले भनिन्-'दूरसञ्चार सेवालाई गुणस्तरीय, भरपर्दो, सर्वसुलभ बनाउनु अहिलेको प्रमुख आवश्यकता हो । दूरसञ्चार सेवा सञ्चालन तथा प्रयोगका सम्बन्धमा नीतिगत, कानुनी तथ संरचनागत रूपमा आवश्यक सुधार गरी दूरसञ्चार सेवाको विकास र विस्तार गर्नुपर्ने आवश्यकता छ । दूरसञ्चार क्षेत्र भित्रका विकृति र विसङ्गतिहरूलाई हटाएर दूरसञ्चार क्षेत्रको नियमनलाई थप प्रभावकारी बनाउनुपर्नेछ ।'

उनले ग्रामीण क्षेत्रमा दूरसञ्चार सेवाको उपलब्धता के-कति पुगेको छ ? यसको गहिरो अध्ययन गरी विकट तथा दुर्गम क्षेत्रमा विद्यमान डिजिटल डिभाइटलाई सम्बोधन गर्नुपर्नेमा जोड दिइन् ।

नेपालमा विगतको तुलनामा सूचना प्रविधि तथा दूरसञ्चारको क्षेत्रमा क्रमिक सुधार आए पनि विश्वव्यापी सूचकमा भने अझै धेरै पछि रहेको र विश्व दूरसञ्चारको क्षेत्रमा नेपालको अवस्था सशक्त बनाउनुपर्ने मन्त्री शर्माको कथन थियो ।

उनले नेपाललाई पूर्णरूपमा सूचना प्रविधिमैत्री बनाइ विश्वमा सूचना तथा दूरसञ्चार क्षेत्रमा नेपालको बलियो उपस्थिति बनाउन जरुरी रहेको बताइन् । सूचना तथा प्रविधिमार्फत नेपाली जनताको जीवन गुणस्तरीय बनाउन, डिजिटल नेपालको अवधारणालाई मूर्तरूप दिन र समग्रमा आर्थिक, सामाजिक, रूपान्तरणमार्फत समुन्नत नेपाल, खुसी नेपालीको नारालाई व्यवहारतः प्राप्ति गर्न सरोकारवालासँग आवश्यक समन्वय गरी अघि बढ्नुपर्ने उनको भनाइ थियो ।

'अहिले नेपाल टेलिकमले फाइभजीको परीक्षण गर्दैछ, यो परीक्षण सफल भइसकेपछि हामी फाइभजीलाई सुरु गर्छौं । यो हाम्रो आवश्यकता हो र फाइभजी सुरु भइसकेपछि यसलाई शिक्षा, स्वास्थ्य, पर्यटनलगायतका सबै पूर्वाधारको विकासमा र राज्यको राजस्व अभिवृद्धिमा यसलाई प्रयोग गरिनेछ', मन्त्री शर्माले भनिन् ।

मन्त्री शर्माले सूचना र प्रविधिको क्षेत्रमा भएको तीव्र विकासलाई मध्यनजर गरेर ऐन, नियमहरू बनाउने काममा सरकारले विशेष ध्यान दिइरहेको समेत बताइन् ।

# राजदुत नियुक्ति प्रति जसपा अध्यक्ष यादवको असन्तुष्टि

**टुडे समाचारदाता**

काठमाण्डु । सत्तासाझेदार दल जनता समाजवादी पार्टी, नेपालका अध्यक्ष उपेन्द्र यादवले प्रस्तावित राजदूत समावेशी नभएको भन्दै सरकारप्रति असन्तुष्टि व्यक्त गरेका छन् । पार्टी निकट कानुन व्यवसायीहरुको संगठन संघीय कानुन व्यवसायी संघले शुक्रबार काठमाण्डुमा आयोजना गरेको एक कार्यक्रममा बोल्दै पूर्वपरराष्ट्रमन्त्री समेत रहेका अध्यक्ष यादवले असन्तुष्टि व्यक्त गरेका छन् ।

उनले सिफारिस गरिएका सबै राजदूतहरु एउटै समूदायको रहेको उल्लेख गर्दै त्यसलाई कसरी समावेशी लोकतान्त्रिक अवधारणा अनुसारको नियुक्ति भन्ने भनी प्रश्न समेत गरे ।

अध्यक्ष यादवले भने, ' आफ्नै पार्टी समेत सहभागी भएको सरकारले एउटै समुदायलाई मात्रै राजदूतमा सिफारिस गरेको छ । राजनीतिक नियुक्तिहरू जति पनि भए, सबै एकै समुदायका भए । यो कसरी समावेशी लोकतन्त्र भयो त ?'

उनले सरकारले गरेका राजनीतिक नियुक्तिहरु पनि समावेशी हुन नसकेको जिकीर गरे । अध्यक्ष यादवले जनसंख्याको आधारमा जनप्रतिनिधिमूलक संस्थाहरुको प्रतिनिधित्व



गराउनुपर्नेमा त्यसो नभएको समेत दोहोर्‍याए ।

उनले भने, ' अहिले त महत्वपूर्ण पक्ष लोकतन्त्रको प्रतिनिधित्वको आधार जनसंख्या हो । जनसंख्याको आधारमा प्रतिनिधित्व हुने हो । त्यो पनि छैन । यसले गर्दाखेरी के हो भन्दाखेरी हामीले धेरै क्षेत्रमा खासगरी संवैधानिक, कानुनी क्षेत्रमा तर्कका साथ परिवर्तनको लागि उभिनुपर्नेछ ।'

अध्यक्ष यादवले संवैधानिक तथा कानुनी क्षेत्रमा संघीयता अनुकूलका धेरै कामहरु गर्नुपर्ने भएकाले त्यसको पक्षमा उभिन पनि पार्टी निकट कानुन व्यवसायीहरुलाई आह्वान गरे ।

उनले भने, 'देशमा लोकतन्त्र, गणतन्त्र र संघीयता ल्याउन धेरै बलिदानी दिएको छ मधेशका जनताले। त्यसकारण अब हामीले संघीयता अनुकूलका कामहरू गर्नुपर्ने बेला आएको छ।'

उनले स्थानीय तहहरुमा न्यायिक समितिको जिम्मा राजनीतिक पार्टीहरुलाई नै दिने संवैधानिक व्यवस्था गरिएको भन्दै त्यसलाई खारेज गर्नुपर्ने माग समेत गरे ।

'स्थानीय तहहरुमा न्यायिक समितिको जिम्मा राजनीतिक पार्टीहरुलाई नै जिम्मेवारी दिने गरिएको छ। अब यसको विकल्प खोजिनुपर्दछ' उनले भने । उनले सङ्घीयताको वास्तविक कार्यान्वयनका लागि संविधान संशोधन आवश्यक भएको दाबी समेत गरे । पार्टीलाई विधि र बौद्धिक दिशा दिनेतर्फ लैजान सङ्घले भूमिका खेल्नुपर्ने भन्दै अध्यक्ष यादवले न्यायालय समावेशी हुनुपर्ने माग गरे ।

सो अवसरमा पूर्वमन्त्री एवं जसपाका कार्यकारिणी सदस्य राजेन्द्रप्रसाद श्रेष्ठले कानुन व्यवसायीको दायित्व निर्वाह गर्दै स्वतन्त्र र निष्पक्ष न्यायालायको पक्षमा वकालत गर्नुपर्ने आवश्यकता औंल्याए ।

सङ्घका अध्यक्ष दीपक राईले कानुन व्यवसायीको हकहितको साथै स्वतन्त्र र पारदर्शी न्यायालयको पक्षमा खबरदारी गर्न संस्थाले भूमिका खेल्ने प्रतिबद्धता जनाए । दुई दिनसम्म चल्ने सम्मेलनले नयाँ कार्यसमितिका लागि नेतृत्व चयन गर्नेछ । सरकारले विभिन्न ६ देशका लागि सिफारिस गरेका राजदूतहरुको संसदीय सुनुवाई प्रक्रिया सुरु भएको छ ।

# समन्वयको अभावले सामान्य विवाद

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशको पर्यटन विकास कार्यालयका इन्जिनियर युनिस राइनले समन्वय नहुँदा निर्माण व्यवसायीसँग सामान्य वादविवाद मात्रै भएको बताएका छन् । इन्जिनियर राइनले शुक्रबार जनकपुरधाममा सञ्चारकर्मीहरुलाई संक्षिप्त प्रतिक्रिया दिँदै कार्यालय भित्र कुनै प्रकारको विवाद नरहेको स्पष्ट पारे ।

कार्यालयबाट भएको विकास निर्माणको भुक्तानीका लागि केही निर्माण व्यवसायीहरु आक्रोशित हुनु स्वभाविकै थियो उनले भने-' काम गरेका छन् भने भुक्तानी हुनु पर्छ ।' तर, कार्यालयमा म मात्रै एउटा इन्जिनियर रहेको स्पष्ट पार्दै उनले तीन जिल्लाका तीन सय ८० योजना म मात्रै हेर्ने गरेका कारण केही त्रुटि भएको स्वीकार गरे ।

बुधबार निर्माण व्यवसायीबीच असमझदारीका कारण हो-हल्ला भएको उनले दावी गरे । निर्माण व्यवसायीहरु सम्पूर्ण कुरा नबुझी आफूमाथि आक्रोशित भएको उनले स्वीकारे । तर, त्यही समय छलफल गरेर उक्त विवाद सल्टाइएको उनले दावी गरे ।

बुधबारनै इन्जिनियर राइन र कार्यालयका प्रमुख मिन भट्टराईले कुनै प्रकारको घटना नभएको बताउँदै आएका थिए ।

गत आर्थिक वर्षमा यस कार्यालयको ३४ वटा योजना सम्पन्न भएपनि कर्मचारी अभावमा भुक्तानी हुन सकेनन् । तीन सय ६१ मध्ये ३४ वटा भुक्तानीको फाइल विभिन्न कारणले रोकिएको छ । समयमा फाइल नआउँदा ३४ योजनाको झण्डै ३ करोड रुपैयाँ भुक्तानी हुन नसकेको उनको भनाइ छ । भुक्तानीको लागि भने प्रक्रिया थालिएको छ ।

यस्ता समस्या मधेश प्रदेशका अन्य कार्यालयहरुमा समेत देखिएका छन् । मधेश प्रदेशका कार्यालयहरुमा कर्मचारीको अभाव र समयमा योजना कार्यान्वयन हुन नसक्दा बर्षेनि करोडौ रुपैयाँ भुक्तानी बाँकी रहँदै आएको छ । बाँकी बक्यौता रकम भुक्तानीका लागि प्रदेश सरकारले विभिन्न समयमा छानबिन समिति गठन गरे पनि अहिले प्रदेश सरकारमाथि निर्माण व्यवसायीहरुको करोडौं रुपैयाँ बाँकी रहेको छ ।

प्रदेश सरकारले आफ्नै लोक सेवा आयोग गठन गरे पनि कर्मचारी भर्ना प्रक्रिया नथालेका कारण मधेश प्रदेश कार्यालय र स्थानीय तहहरुमा कर्मचारीको कमी देखिएको छ । अन्य प्रदेशहरुले विज्ञापन प्रकाशन गरी कर्मचारी समेत भर्ना गरिसकेका छन् ।

SEE/SLC पछि Dental Science मा
भर्ना खुल्यो
नेपाल डेन्टल हस्पिटल एण्ड टेक्निकल रिर्सच इन्स्टिच्युट प्रा.लि.
जनकपुरधाम-७, धनुषा
CTEVT बाट सम्बन्धन प्राप्त विश्वविद्यालयहरुबाट समकक्षता प्राप्त यस नेपाल डेण्टल हॉस्पिटल एण्ड टेक्निकल रिसर्च इन्स्टिच्युट प्रा.लि.मा शैक्षिक सत्र २०८०/८१ मा
Certificate in Dental Science (Dental Hygienist)
(३ वर्ष) कोर्षमा भर्ना खुल्यो ।
फाराम भर्ने अन्तिम मिति : २०८०/०४/१२
प्रवेश परीक्षा मिति : २०८०/०४/१४ बिहान ८:०० बजे
विस्तृत जानकारीका लागि
NEPAL DENTAL HOSPITAL & TECHNICAL RESEARCH INSTITUTE (P.) Ltd.
Janakpurdham - 7, Dhanusha
(भ्रमरपुरा चौक देखि परिक्रमा सडक जाने बाटोमा, जनकपुर ट्रमा सेन्टर हॉस्पिटल देखी १०० मी. अगाडि)
Contact No. : - 9844022464, 9817686279, 9804871851



clear tv | SIM TV अब हर घर डिजिटल | MAX DIGITAL TV | NET TV DRIVEN BY INNOVATION | mero TV
Ch-44 Ch-146 Ch-48
टि भि टुडे जनकपुर घर घर सेट अप बक्समा TV TODAY Janakpur

# बरामद भएको अवैध सुन अब के हुन्छ ?



काठमाण्डु । त्रिभुवन अन्तरराष्ट्रिय विमानस्थलको भन्सार छलेर अवैधरूपमा नेपाल भित्रिएको ठूलो परिमाणको सुन बुधबार राजस्व अनुसन्धान विभागले बरामद गर्यो । यसरी बरामद भएको सुन गुणस्तर तथा तौल परीक्षणका लागि अहिले नेपाल राष्ट्र बैंकअन्तर्गतको टक्सार महाशाखामा पुर्याइएको छ । यद्यपि टक्सारले यसको परीक्षण प्रक्रिया भने शुरु गरिसकेको छैन ।

पछिल्ला वर्षका अवैध सुन बरामद भएका घटना पटक-पटक दोहोरिएका छन् । भन्सार विभाग, राजस्व अनुसन्धान विभाग, नेपाल प्रहरीलगायतका निकायले अवैध सुन समात्ने गरेका छन् । राजस्व छलेर आएको सुन बरामद भएपछि त्यो स्वतः सरकारको सम्पत्ति हुन जान्छ । तर सरकारले सुन आफैँ राख्ने नभई त्यो नेपाल राष्ट्र बैंकले राख्छ र सुनको मूल्य बराबरको रकम राष्ट्र बैंकले सरकारी खातामा जम्मा गर्छ ।

गत बुधबार बरामद भएको सुन हाल अनुसन्धानकै क्रममा रहेको र परीक्षणसमेत हुन बाँकी रहेको नेपाल राष्ट्र बैंकले जनाएको छ । "बरामद गरेर ल्याइएको वस्तु अनुसन्धान प्रक्रियाका लागि सुरक्षित राखिएको छ । राजस्व अनुसन्धान विभागले चिट्ठी पठाएर प्रक्रिया अगाडि बढाउन भनिसकेपछि मात्रै यसको तौल र गुणस्तरको जाँच्ने प्रक्रिया शुरु हुन्छ", नेपाल राष्ट्र बैंकको टक्सार महाशाखाका निर्देशक थानेश्वर आचार्यले भन्नुभयो ।

बरामद गरेर ल्याइएको वस्तु प्राविधिक परीक्षण पछि मात्रै कुन धातु, कस्तो गुणस्तरको र कति परिमाणमा छ भन्ने खुल्नेछ । यसको प्राविधिक परीक्षणका लागि पनि निश्चित प्रक्रिया हुने आचार्य बताउनुहुन्छ । "राजस्व अनुसन्धान विभाग, राष्ट्र बैंकको टक्सार महाशाखा, वित्त व्यवस्थापन विभाग, मुद्रा व्यवस्थापन विभागलगायतका प्रतिनिधि रहेर त्यसलाई खोलिन्छ", उहाँले भन्नुभयो, "बरामद गरेर ल्याइएको वस्तु मोटरसाइकलका पार्टस्भित्र लुकाइएको भनिएकामा ती के-के हुन सबै छुट्याएर त्यसलाई गाल्ने प्रक्रिया शुरु हुन्छ । गालेर ढिक्का बनाइन्छ र त्यसपछि तौल जोखिन्छ । त्यसपछि टक्सार महाशाखाको ल्याबमा सुन होकि होइन भनेर प्राविधिक परीक्षण गरिनेछ । परीक्षण भइसकेपछि कुन गुणस्तर को हो भनेर छुट्याइनेछ ।"

अनुसन्धान प्रक्रिया टुङ्गिसकेपछि उक्त सुन राष्ट्र बैंकले खरिद गर्नेछ । यसरी सरकारसँग सुन खरिद गर्दा राष्ट्र बैंकले अन्तरर्ाष्ट्रिय बजार मूल्यभन्दा पाँच प्रतिशत बढी रकम दिने गरेको आचार्यको भनाइ छ । यो मुद्दाको अदालती प्रक्रिया पूरा सकिसकेपछि उक्त सुनको मूल्य बराबरको रकम सरकारको खातामा राजस्वका रुपमा जम्मा हुन्छ भने सुन राष्ट्र बैंकमा सञ्चितीका रुपमा रहन्छ । यस्तो सुनबाट राष्ट्र बैंकले असर्फी बनाउने र बिक्री वितरणसमेत गर्ने गर्छ । रासस

# वर्षा नहुँदा पर्साको रोपाइँ ३५ प्रतिशत मात्र

वीरगञ्ज । लामो समयदेखि वर्षा नहुँदा साउनको पहिलो साता बित्नै लाग्दा करिब ३५ प्रतिशत मात्र रोपाइँ हुन सकेको छ ।

वर्षा रोकिएपछि पानी तान्ने मोटर तथा अन्य वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर भए पनि किसानले अहिलेसम्म करिब ३५ प्रतिशत जग्गामा धान रोपाइँ भएको कृषि ज्ञानकेन्द्र वीरगञ्ज पर्साका प्रमुख मुनिलाल कुशवाहाले जानकारी दिनुभयो ।

"जिल्लाको दक्षिणी भेगका किसान गण्डक सिँचाइ आयोजनाको सिँचाइ प्रणालीबाट धान रोपाइँ गरिरहेका छन्", प्रमुख कुशवाहाले भन्नुभयो, "अन्य भेगका किसान पानी तान्ने मोटर, पम्पसेट जडान गरेर धमाधम धान रोपाइँ गरिरहेका छन् ।" तुलनात्मकरुपमा अन्य ठाउँभन्दा पर्साको ठोरी, पर्सागढी, बहुदरमाई र जगरनाथपुर गाउँपालिका क्षेत्रमा बढी धान रोपाइँ भएको उहाँको भनाइ छ ।

पर्सामा सिँचाइ सुविधा पुगेको ठाउँमा धमाधम रोपाइँ भइरहे पनि जिल्लाको उत्तरी, पश्चिमी भेगका अन्य कतिपय स्थानमा धान रोपाइँ हुन नसक्दा करिब ६५ प्रतिशत खेतीयोग्य जग्गा अझै बाँझो रहेको प्रमुख कुशवाहाले बताउनुभयो ।

पर्सामा ५४ हजार सात सय ३२ हेक्टर क्षेत्रफल खेतीयोग्य जग्गामध्ये ४७ हजार एक सय ३० हेक्टर क्षेत्रफलमा धान रोपाइँ हुने गरेको छ । तर वर्षा नहुँदा अहिलेसम्म १६ हजार चार सय ९५ हेक्टरमा मात्र धान रोपाइँ भएको प्रमुख कुशवाहाले जानकारी दिनुभयो । पर्सामा भदैया, चैते र वर्षे गरी तीन किसिमका धान उत्पादन हुँदै आएको छ । समयमा पर्याप्त वर्षा नहुनु, किसानले ढिलो गरी धानको बेर्ना तयार पार्नु, ढिलाइ गरी धान रोपाइँ गर्ने प्रवृत्तिलगायतका कारणले अपेक्षाकृत धान रोपाइँ हुन नसकेको प्रमुख कुशवाहाको कथन छ । अधिकांश किसान अझै आकाशे पानीको प्रतीक्षामा छन् । एकातिर किसानले जेनतेन वैकल्पिक सिँचाइको व्यवस्था मिलाएर धान रोपाइँ गरे पनि वर्षा नहुँदा धानको बोट सुक्न थालेको छ ।

"पान्नी तान्ने मोटर लगाएरै करिब एक बिघा जग्गामा धान रोपाइँ गरेँ", पर्साको बहुदरमाई नगरपालिका-४ का किसान उमेश यादवले भन्नुभयो, "वर्षा ठ्याप्पै रोकिएपछि अहिले रोपिएको धानमा डढेलो लाग्न थालेको छ ।" अब पनि केही दिन पानी नपरे रोपाइँ गरिएको धान नष्ट हुने उहाँले बताउनुभयो । रासस

# पर्सामा नयाँ उद्योग दर्ता घट्यो
## एक वर्षमा एक हजार ८९ नयाँ उद्योग दर्ता



वीरगन्ज । पर्सामा आर्थिक वर्ष २०७९/०८० मा नयाँ उद्योग दर्तामा कमी आएको छ । घरेलु तथा साना उद्योग कार्यालयका अनुसार आव २०७९/८० मा एक हजार ८९ नयाँ उद्योग दर्ता भएको छ । जबकि आव २०७८/०८९ मा एक हजार चार सय ८० उद्योग दर्ता भएको थियो ।

आव २०७९/८० मा नयाँ उद्योग दर्तामा कमी आउँदा वित्तीय संस्थाबाट ऋण लगानी नहुनु, पुँजीको अभावलगायतका कारणले नयाँ उद्योग दर्तामा कमी आएको घरेलु तथा साना उद्योग कार्यालय पर्साका प्रमुख धनञ्जयकुमार सिंहले बताउनुभयो ।

आव २०७९/०८० मा एक हजार दुई सय ७५ उद्योगको नवीकरण, एक सय ६५ वटाको पुँजी वृद्धि, ३३ वटाको ठाउँसारी, ८४ वटाको नामसारी गरिएको सो कार्यालय जनाएको छ । ती शीर्षकबाट आव २०७९/०८० मा रु एक करोड छ लाख ३९ हजार दुई सय ५० राजस्व सङ्कलन भएको प्रमुख सिंहले जानकारी दिनुभयो ।

> गत आव २०७४/७५ देखि आव २०७९/०८० सम्मको अवधिमा नयाँ उद्योग दर्ता, उद्योगको नवीरकण र उद्योगको लगतक ालगायतका शीर्षकबाट रु छ करोड ९७ लाख ९२ हजार सात सय ८० राजस्व सङ्कलन भएको कार्यालय प्रमुख सिंहले बताउनुभयो ।

उद्योगको लगतकट्टा गराउनेको सङ्ख्या भने बढेको छ । सो कार्यालयका अनुसार आव २०७९/०८० मा एक सय ७७ वटा उद्योगको लगतकट्टा गरिएको छ भने अघिल्लो आव २०७८/७९ मा एक सय ५२ उद्योगको लगतकट्टा भएको थियो ।

विश्वव्यापीरूपमा देखिएको आर्थिक तरलता, बैंक तथा

उक्त आवमा छ सय ५४ पुरुष र चार सय ५० महिला गरी एक हजार एक सय चार उद्यमी थपिएका छन् भने तीन हजार दुई सय ४७ पुरुष र एक हजार दुई सय १३ महिला गरी चार हजार चार सय ६० जनाले रोजगारी पाएको प्रमुख सिंहको भनाइ छ । आव २०७९/०८० मा उद्यमी सिर्जना तथा सीप विकास, स्केलअप र भगत सर्वजित तालिम कार्यक्रमअन्तर्गत तीन सय ६२ पुरुष र ९८ महिला गरी चार सय ६० जनालाई सीपमूलक तालिम दिइएको प्रमुख सिंहले बताउनुभयो ।

यससँगै पर्सा जिल्लामा पछिल्लो छ वर्षको अवधिमा सात हजार दुई नयाँ उद्योग थपिएका छन् । गत आव २०७४/७५ देखि आव २०७९/८० सम्ममा सेवामूलक उद्योग, कृषि तथा वन्यजन्य, उत्पादन उद्योग र पर्यटन गरी सात हजार दुई नयाँ उद्योग दर्ता भएको घरेलु तथा साना उद्योग कार्यालय वीरगन्ज पर्साले जनाएको छ ।

गत आव २०७४/७५ देखि आव २०७९/०८० सम्मको अवधिमा नयाँ उद्योग दर्ता, उद्योगको नवीरकण र उद्योगको लगतकट्टालगायतका शीर्षकबाट रु छ करोड ९७ लाख ९२ हजार सात सय ८० राजस्व सङ्कलन भएको कार्यालय प्रमुख सिंहले बताउनुभयो । रासस

# सीमावर्ती भारतीय बजारमा किनमेल गर्न जाने प्रवृत्ति निरुत्साहित



झापा । मेची भन्सार कार्यालय काँकडभिट्टाले रु एक सयभन्दा बढी मूल्यको सामान भारतबाट ल्याउँदा भन्सार शुल्क लिन थालेपछि सीमावर्ती भारतीय बजारमा घरायसी सामान किन्न जाने निरुत्साहित भएका छन् ।

पूर्वीनाकामा परिचालन गरिएका भन्सार कर्मचारी, सशस्त्र प्रहरी र नेपाल प्रहरीले भारतबाट किनमेल गरेर फर्केकालाई भन्सार शुल्क तिराउन नाकामै जाँचमा कडाइ गर्न थालेका छन् । भन्सार र सुरक्षाकर्मीको कडाइपछि सीमावर्ती नेपाली बजारमा चहलपहल बढेको छ ।

भन्सार विभागको निर्देशनअनुसार यो नियम कडाइका साथ लागू गरिएको प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीले बताउनुभयो । "साउन १ गतेदेखि नै हामीले यो नियम लागू गरिसकेका छौँ", उहाँले नयाँ नियमबारे जानकारी दिँदै भन्नुभयो, "देशभरका सीमा नाकामा यो नियम लागू भएको हो । कसैले जबरजस्ती भन्सार नतिरी लैजान खोजे सामान जफत हुनेछ ।"

> भन्सार विभागको निर्देशनअनुसार यो नियम कडाइका साथ लागू गरिएको प्रमुख भन्सार अधिकृत रामप्रसाद रेग्मीले बताउनुभयो । "साउन १ गतेदेखि नै हामीले यो नियम लागू गरिसकेका छौ", उहाँले नयाँ नियमबारे जानकारी दिँदै भन्नुभयो, "देशभरका सीमा नाकामा यो नियम लागू भएको हो । कसैले जबरजस्ती भन्सार नतिरी लैजान खोजे सामान जफत हुनेछ" ।

सीमावर्ती भारतीय बजार पानी ट्याङ्की, नक्सलबाडी र सिलिगुढीबाट किनमेल गरेर आउनेले यसअघि काँकडभिट्टा नाकाबाट भन्सार शुल्क नतिरी घरायसी सामान भित्र्याउँदै आएका थिए । भन्सारको कडाइपछि सीमावर्ती भारतीय बजारमा किनमेल गर्न जाने निरुत्साहित भएका छन् ।

स्थानीयवासी चिनी, तेल, दाल, सागसब्जी, लत्ताकपडालगायत घरायसी वस्तुको किनमेल गर्न भारतीय बजार धाउँदा झापाका काँकडभिट्टा, धुलाबारी जस्ता सीमाका ठूला बजार सुनसान बन्ने गरेका थिए । अब यी बजारमा चहलपहल बढ्ने अपेक्षा गरिएको मेची उद्योग वाणिज्य सङ्घका अध्यक्ष खेम प्रसाईं बताउनुहुन्छ ।

भारतबाट किनमेल गरेर ल्याइएको रु एक सयभन्दा बढीको सामानमा शुल्क लगाउने भन्सारको नयाँ नीतिलाई मेची उद्योग वाणिज्य सङ्घको समर्थन रहेको र कार्यान्वयनका लागि आवश्यक सहयोग गर्न सङ्घ तयार रहेको अध्यक्ष प्रसाईंले बताउनुभयो । "बिहान बेलुकै नुन, तेल, भुटुन र सागसब्जी किन्न भारतीय बजार जाने प्रवृत्तिलाई निरुत्साहित गर्न जरुरी थियो", उहाँले भन्नुभयो, "नेपालका बजारमा सामान बिक्री नभएर व्यवसायीले पलायन हुनुपर्ने अवस्था आइसक्यो । भन्सारको कडाइले स्थानीय बजारलाई पुरानै लयमा फर्काउन मद्दत पुग्ने अपेक्षा गरेका छौँ ।"

मेचीनगर नगरपालिकाले भन्सारको नयाँ नियमलाई सघाउने जनाएको छ । नगरपालिकाकी कार्यवाहक नगरप्रमुख मीना उप्रेतीले आज पत्रकार सम्मेलन गरी भारतबाट रु एक सयभन्दा बढीको सामान आयात गर्दा भन्सार शुल्क लगाउने नीति स्वागतयोग्य भएको बताउनुभयो । उहाँले आयातित मालसामानमा आयातकर्ता र बजार वितरकको पूरा विवरणसहितको लेबल लगाउन भन्सारले अनिवार्य गरेको विषय पनि स्वागतयोग्य भएको बताउनुभयो ।

"राज्यलाई कर छलेर सीमावर्ती भारतीय बजारलाई पोस्ने गतिविधि रोक्न भन्सार नीतिलाई कडाइका साथ लागू गराउन नगरपालिकाको अनुगमन समितिले सहयोग गर्छ", कार्यवाहक नगरप्रमुख उप्रेतीले भन्नुभयो, "आयातित सामानको गुणस्तरप्रति उपभोक्तालाई विश्वास दिलाउन र ब्रान्डको दुरूपयोग रोक्न आयातकर्ता र बजार वितरकको लेबल अनिवार्य लगाइनुपर्छ । यदि लेबल नलगाई सामान बेचेको भेटिएमा जफत गर्नेछौँ ।"

मेची भन्सार कार्यालयका प्रमुख भन्सार अधिकृत रेग्मीले आयातित मालसामानमा साउन १ गतेदेखि आयातकर्ता र बजार वितरकको लेबल लगाउन अनिवार्य गरिएको बताउनुभयो । यदि कुनै आयातकर्ता र बजार वितरकले लेबल नटाँसी सामान बजारमा लगेको पाइएमा नेपाल सरकारका अनुगमनकारी कुनै पनि निकायले सामान तत्काल जफत गर्ने कानूनी व्यवस्था रहेको उहाँले बताउनुभयो । रासस

# सचिव राउतलाई थुनामा राख्नुपर्ने आधार छैन : सर्वोच्च

काठमाण्डु । सर्वोच्च अदालतले ललिता निवासको जग्गा प्रकरणमा सचिव कृष्णबहादुर राउतलाई थुनामा राखेर अनुसन्धान गर्नुपर्ने आधार, कारण र औचित्य नभएको हठर गरेको छ ।

न्यायाधीशद्वय प्रकाश ढुङ्गाना र नहकुल सुवेदीको संयुक्त इजलासले आज सचिव राउतलाई अनुसन्धान नसकिएसम्म मुलुक बाहिर जान नपाउने गरी तारिखमा राखेर मुद्दाको अनुसन्धान गर्न आदेश गर्दै थुनामा राख्नुपर्ने अवस्था नभएको ठहर गरेको हो ।

आदेशमा भनिएको छ, "यस स्थितिमा निजलाई थुनामा नराख्ने हो भने प्रस्तुत मुद्दाको अनुसन्धान नै प्रभावकारी हुन नसक्नेसम्मको अवस्था इजलास समक्ष पेस हुन आएको अनुसन्धानसम्बन्धी सक्कल मिसिलबाट देखिन नआएकाले निवेदकलाई थुनामै राखी अनुसन्धान गर्नु पर्नेसम्मको आधार, कारण र औचित्य देखिएन ।"

आदेशमा निज उपर भ्रष्टाचार मुद्दामा अख्तियार दुरुपयोग अनुसन्धान आयोगले यस अघि मिति २०७६ माघ २२ गते मुद्दा नचलाउने भनी निर्णयसमेत गरेको देखिएको उल्लेख छ ।

आदेशमा भनिएको छ, "निवेदकलाई मुद्दा हेर्ने अदालतको आदेशबिना अनुसन्धान कार्य सम्पन्न नभएसम्म नेपाल बाहिर जान नपाउने गरी मुलुकी फौजदारी कार्यविधि संहिता, २०७४ को दफा १५ बमोजिम तारिखमा राखी मुद्दाको अनुसन्धान र तहकिकातलाई प्रभावकारी बनाउन मुद्दाको यथाशीघ्र अनुसन्धान तहकिकातको कार्य सम्पन्न गर्नु गराउनु ।"


ललिता निवाससम्बन्धी प्रकरणमा सरकारी जग्गा व्यक्तिको बनाउने क्रममा सरकारी दस्तखत तथा कागजात किर्ते गरेको आरोपमा पक्राउ परेको राउतले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको रिट निवेदन दायर गर्नुभएको थियो । अदालतको उक्त आदेशसँग सचिव राउत थुनाबाहिर बसेर अनुसन्धानमा सहयोग गर्नुपर्ने छ । रासस

## तपाईंको आज
पण्डित : ब्रम जी

| | |
|---|---|
| मेष | : प्रेम प्रसंग, मित्र सुख । |
| बृष | : बौद्धिक क्षमता । |
| मिथून | : प्रतिभा सम्पन्नता । |
| कर्कट | : अवसर प्राप्त । |
| सिंह | : पुरस्कार प्राप्त लाभ । |
| कन्या | : शिक्षामा उन्नति । |
| तुला | : धन बृद्धि सञ्चय । |
| वृश्चिक | : पारिवाहिक सुख । |
| धनु | : भ्रमण अवसर हुने । |
| मकर | : वाद विवादबाट बच्नु । |
| कुम्भ | : नयाँ कार्य हुने । |
| मीन | : सुख समृद्धि हुने । |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू



जनकपुरधाम ०४१

| | |
|---|---|
| बारुण यन्त्र | ५२००११ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९, ४२०२९९, १०० |
| एम्बुलेन्स (रेडक्रस) | १०२ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ |
| अञ्चल अस्पताल | ५२००३३ |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ |
| आँखा अस्पताल | ५२०३९७ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ |
| विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| साह केबुल | ५२४७२२ |
| जानकी केबुल | ५२३७२८ |
| म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| बुद्ध एयर | ५२५०२२ |
| यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| होटल रामा | ५२००५९, ५२३८५४ |
| वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| जलेश्वर अस्पताल | ०४४-५२००७० |
| प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने समय | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने समय | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# फरार प्रतिवादी पक्राउ



**टुडे समाचारदाता**

जनकपुरधाम । धनुषा प्रहरीले २१ वर्षपछि कर्तव्य ज्यान मुद्दाका फरार प्रतिवादीलाई पक्राउ गरेको छ ।

शुक्रबार क्षीरेश्वरनाथ नगरपालिका- ३ का ५१ वर्षीय विसनुदेव मुसहरलाई पक्राउ गरेको छ ।

उनले ०५९ सालमा एक जनाको हत्या गरी फरार भएका थिए । मुद्दा अनुसन्धानकै क्रममा हुँदा विसनुदेव फरार भएका थिए ।

हत्या भएका परिवारबाट बलदेव सदाले जाहेरी दिएपछि उनको खोजी कार्य सुरु गरिएको थियो ।

विशेष टोली परिचालन गरी उनलाई पक्राउ गरिएको छ । पक्राउ परेका विसनुदेव अहिले धनुषा प्रहरीको हिरासतमा छन् । प्रहरीले उनीमाथि थप अनुसन्धान अगाडि बढाएको जनाइएको छ ।

# समितिले घटनालाई ढाकछोप गर्दै

**टुडे समाचारदाता**

जनकपुरधाम । सिरहामा प्रहरी जवान अनु रायलाई हत्कडी लगाएर यातना दिएको घटना बाहिर आएको दश दिन वितिसक्यो ।

जिल्ला प्रहरी कार्यालय सिरहा परिसरभित्रै यातना पाएका जवान काममा फर्किसकेका छन् । तर, प्रदेश प्रहरीको छानबिन अझै पूरा हुन सकेको छैन् ।

गत असार २५ गते प्रहरी जवान रायलाई हत्कडी लगाएर यातना दिइएको घटना बाहिर आएको थियो । त्यसको भोलिपल्ट प्रदेश प्रहरीको प्रहरी नायव उपरीक्षक (डिएसपी) ज्ञानकुमार महतोको नेतृत्वमा पाँच सदस्यीय छानबिन समिति गठन गरिएको थियो ।

उक्त समितिलाई तत्काल छानबिन गरी प्रतिवेदन बुझाउन मधेशको प्रदेश नायव महानिरीक्षक (डिआइजी)को निर्देशन थियो । तर, समिति कुनै निष्कर्षमा पुग्न सकेको छैन् ।

सिरहाका प्रहरी उपरीक्षक (एसपी) टेकुनन्द इवा लिम्बुले यातना नदिएको दाबी गर्दै छानबिन समितिले सत्य कुरा बाहिर ल्याउने बताए ।



लागूऔषध प्रयोग गरी अमर्यादित क्रियाकलाप गर्दा हत्कडी लगाएको एसपी लिम्बुको कथन छ । एसपीले यस घटनामा जवान राय आक्रामक रूपमा प्रस्तुत भएर हतियार खोसेर भाग्न खोजेको आरोप लगाएका छन् ।

मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता तथा प्रहरी उपरीक्षक (एसपी) महेन्द्र श्रेष्ठले छानबिन समितिको संयोजक विदामा बसेको हुनाले प्रतिवेदन आउन समय लागेको बताए ।

'छानबिन हुँदै छ । छानबिन समितिको संयोजक दुईदिनदेखि विदामा छन्,'उनले भने,'त्यही भएर ढिलो भएको छ । दुई/तीन दिनमा प्रतिवेदन तयार हुन्छ ।'

यातना सहेका रायका भाइ रजनीश रायले छानबिन समिति बनाएर प्रहरीले घटना सेलाउने प्रयास गरेको आरोप लगाए ।

सत्यतथ्य छानबिन नभए अदालतसम्म जाने समितिलाई चेतावनीसमेत दिएका छन् । उनका अनुसार समितिले घटना बारे सत्य कुरा बाहिर ल्याउन ढिलाइ गर्दा समस्या भइरहेको छ । विभागले समिति गठन गरेर घटना सेलाउने प्रयास गरेको र दोषीलाई जोगाउन लागेको उनले आरोप लगाए ।

उनले दाइ अनु रायलाई प्रहरी निरीक्षक (इन्सपेक्टर) हेमन्त राईले यातना दिएको दाबी गर्दै आएका छन् ।

सार्वजनिक भएको भिडियोमा जवान राय रोइकराई अनुनय गरेका थिए । उनले यस्तो यातना नदिन पटक-पटक आग्रह गरेको र अपराधी नरहेको भिडियोमा सुनिन्छ/देखिन्छ ।

# सडक निर्माणको माग गर्दै चक्काजाम



**टुडे समाचारदाता**

राजविराज । सप्तरीको राजविराज नगरपालिकाको सखडा मोडमा स्थानीयवासीले सडक निर्माणको माग गर्दै आन्दोलनमा उत्रेका छन् ।

शुक्रबार स्थानीयवासीले हुलाकी सडक अन्तर्गत राममन्दिरदेखि सखडा मोड हुँदै छिन्नमस्ता डेरीसम्म जोड्ने अधुरो सडक निर्माणको माग गर्दै टायर बालेर चक्काजाम गरेका थिए ।

केही दिनअघि राजविराज नगरपालिकाकी कर्यवाहक नगरप्रमुख ईसरत प्रविणले ४ दिनभित्र सडक निर्माण गर्ने प्रतिबद्धता जनाए पनि हालसम्म उक्त जीर्ण सडक निर्माण नगरेकोले चक्काजाममा उत्रिनुपरेको स्थानीय रामभजन देवले बताए ।

# सफ्टवेयर सञ्चालन सम्बन्धी तीन दिने तालिम



**रञ्जन यादव**

कलैया । जीतपुरसिमरा उपमहानगरपालिकाको आयोजनामा सुत्र तथा योजना सफ्टवेयर सञ्चालन सम्बन्धी तीन दिने अभिमुखिकरण तालिम बाराको सिमरामा सुरु भएको छ ।

अभिमुखिकरण तालिममा हातबाट राजस्वको रसिद वा नगदी रसिद नकाटेर सफ्टवेयरबाटै रसिद काट्ने र राजस्व संकलन तथा बैंक दाखिला गर्ने पद्धतिको विकास गर्ने उद्देश्यले कार्यक्रमको आयोजना गरिएको राजस्व शाखा प्रमुख रमेश सुबेदीले जानकारी दिए ।

तालिममा सफ्टवेयरको सेटिङ्ग ,राजस्व संकलन र प्रतिवेदन तयार पार्ने पद्धतिको विषयमा जानकारी दिइने जीतपुरसिमराउपमहानगरपालिकाले जनाएको छ ।

प्राइभेट रुपमा प्रयोग गरिदै आएको सफ्टवेयरलाई हटाएर उपमहानगरपालिकाले सरकार ,महालेखा लेखा नियन्त्रण कार्यालयलगायत सरकारका विभिन्न निकायहरुले प्रत्यक्ष रुपमा राजस्व संकलनको स्थितिलाई हेर्नसक्ने किसिमको सफ्टवेयरमा काम गर्न लागेको छ ।

दैनिकरुपमा कुन शीर्षकमा कति राजस्व उठ्यो भने सजिलै हेर्ने किसिमको सफ्टवेयर रहेको राजस्व शाखा प्रमुख सुवेदीले जानकारी दिए ।

# हिरासतमा रहेकी महिलाको मृत्यु

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीमा एक थुनुवा महिलाले जिल्ला प्रहरी कार्यालयको हिरासतमै आत्महत्या गरेकी छन् । प्रहरीले स्रोत नखुलेको रकम र अवैध चाँदीसहित पक्राउ गरेको चक्रघट्टा गाउँपालिका -८ की ४० वर्षीया हजरत खातुनले प्रहरी हिरासतको शौचालयमा सलको पासो लगाएर आत्महत्या गरेकी छन् ।

साउन १ गते मलङ्गवाको झिलमिलियामाई मन्दिर नजिक स्रोत नखुलेको पाँच लाख चार हजार नेपाली रुपैयाँ र ५७७ ग्राम अवैध चाँदीसहित प्रहरी गस्ती टोलीले खातुन र चक्रघट्टा गाउँपालिका -८ कै रामकेवल रायलाई पक्राउ गरेको थियो ।

चार दिनदेखि प्रहरी हिरासतमा रहेकी खातुनले बिहीबार मध्यराति प्रहरी हिरासत (महिला थुनुवा कक्ष) को शौचालयमा पासो लगाइ आत्महत्या गरेको प्रहरीले जनाएको छ ।

राति लामो समयसम्म शौचालयको ढोका नखोलेपछि ढोका फोडेर हेर्दा खातुनलाई झुण्डिरहेको अवस्थामा फेला पारिएको प्रहरीले जनाएको छ । उपचारका लागि तत्काल प्रादेशिक अस्पताल मलङ्गवा ल्याउँदा चिकित्सकले मृत घोषणा गरेको थियो ।

मृतक महिलाको शव पोष्टमार्टमका लागि प्रादेशिक अस्पतालमै राखिएको सर्लाही प्रहरीका निमित्त प्रमुख एवं प्रहरी नायब उपरीक्षक दीपेन्द्र पञ्जियार थारुले जानकारी दिए ।

उनका अनुसार मृतक महिलाका परिवार र माइती पक्ष सम्पर्कमा आइसकेका छन् । खातुनसँगै अवैध रकम र चाँदीसहित पक्राउ परेका रामकेवल राय भने प्रहरी हिरासतमै रहेको प्रहरीले जनाएको छ ।

# वडा कार्यालय कर्मचारीविहीन

**सिकेन्द्र पासवान**

बारा । बारागढी गाँउपालिका - ६ गडहलको वडा कार्यालय कर्मचारीविहीन हुँदा बन्द गरिएको छ ।

साउन १ गते वडा कार्यालयको मूल ढोकामा तालाबन्दी गरी साँचो पालिकाका अध्यक्ष कमलेश मिश्रलाई साउन ३ गते साँचो बुझाइएको वडाअध्यक्ष निरज कुमार साहले बताए ।

८ महिना पहिला करारमा रहेका सहयोगी हरिशचन्द्र यादवलाई सेवाबाट पालिकाका अध्यक्ष अशोक जयसवालले हटाएपछि वडा सचिव रञ्जित साहले कार्यालय चलाउँदै आएका थिए ।

तर वडा सचिव रञ्जितलाई पनि वडा नम्बर ६ बाट तानी पालिकाको कार्यालयमा बालबालिका शाखामा कामकाजमा खटाएको हुँदा कामकाज गर्न नसकेको हुँदा बाध्य भएर कार्यालयमा तालाबन्दी गर्नुपरेको वडा अध्यक्ष साहले जानकारी दिए ।

सेवाग्राहीहरुले विभिन्न कामहरु जस्तै नाता प्रमाणित, जन्म दर्ता, विवाह दर्ता , नागरिकता सिफारिस, जग्गाको रसिद काटने जस्ता काम लिएर आउँदा कार्यालयमा नत सहयोगी नै छन् नत वडा सचिव नै कसरी जनतालाई सेवा दिने निकै समस्याको सामना गर्नुपरेको वडा अध्यक्ष साहले बताए ।

कार्यालय सहयोगी र वडा सचिव नभएको जानकारी सहित साँचो पालिका अध्यक्ष अशोक साहलाई बुझाउन जाँदा वास्ता नगरी प्रमुख प्रशासकीय अधिकृत कमलेश मिश्रलाई दिनु भनेर आफ्नो जिम्मेवारीबाट पंछिन खाजेको वडा अध्यक्ष साहको आरोप छ ।

प्रमुख प्रशासकीय अधिकृत मिश्रले वडा सचिव पठाउन आनाकानी गर्दै आज भोलि गरिरहेको हुँदा अझै अन्योलता छाएको वडाअध्यक्ष साहले बताए ।



> “ वडा सचिव रञ्जितलाई पनि वडा नम्बर ६ बाट तानी पालिकाको कार्यालयमा बालबालिका शाखामा कामकाजमा खटाएको हुँदा कामकाज गर्न नसकेको हुँदा बाध्य भएर कार्यालयमा तालाबन्दी गर्नुपरेको वडा अध्यक्ष साहले जानकारी दिए ।

# जग्गा अतिक्रमण गर्ने तीनजना नियन्त्रणमा



गोलबजार । वन कार्यालय सिरहाको टोलीले गोलबजार नगरपालिका-१० स्थित सामुदायिक वन अतिक्रमण गर्ने तीन जनालाई नियन्त्रणमा लिएको छ । टोलीले स्थानीय कुमार तामाङ, उनकी श्रीमती मालती लामा र कासिन्द्र सदालाई बिहीबार नियन्त्रणमा लिएको हो ।

सामुदायिक वनको जग्गा खनजोत गरिरहेको अवस्थामा ट्र्याक्टरसहित तीनै जनालाई सब डिभिजन वन कार्यालयको टोलीले नियन्त्रणमा लिएको हो । गोलबजार-१० धोबियाधारस्थित चुरे चौफाल सातपत्रे सामुदायिक वन क्षेत्रको जग्गा अतिक्रमण गरी खनजोत गरिरहेको अवस्थामा उनीहरूलाई नियन्त्रणमा लिएको सहायक वन अधिकृत सत्यनारायण यादवले जानकारी दिनुभयो ।


पक्राउ परेका तीनै जनालाई वन ऐनअन्तर्गत सात दिनको म्याद थप गरी अनुसन्धान भइरहेको डिभिजन वन कार्यालय लहान, सिरहाका प्रमुख शैलेन्द्रकुमार मिश्राले जानकारी दिनुभयो । सो वन क्षेत्रमा गत आर्थिक वर्षमा डिभिजन वन कार्यालयले करिब ३० हेक्टर जग्गामा तारबारसहित वृक्षरोपण गरेको थियो । रासस

# 'खानेपानीको काम अगाडि बढाइने'

**टुडे समाचारदाता**

मलंगवा । चरम गर्मी तथा खडेरीका कारण पानीको मुहानहरु सुक्न थालेपछि सो समस्याको समाधान गर्न सर्लाहीको पर्सा गाउँपालिकाले प्रकोप व्यवस्थापन कोषबाट खानेपानीको लागि प्रत्येक वडामा राहतको कार्यहरु गर्ने निर्णय गरेको छ ।

गाउँपालिका अध्यक्ष धिरेन्द्र यादवको अध्यक्षतामा बसेको बैठकबाट खानेपानीको समस्या बाट स्थानीयवासीहरु तत्कालै निकाल्न प्रत्येक वडामा डिप बोरिंग,हैण्ड पम्प तथा मोटरयुक्त समरसिवल जडान गर्नुका साथै पुरानो ईनारहरुको मर्मत तथा सरसफाइलगायतका विभिन्न राहतका कार्यहरु गर्ने सर्वसम्मतबाट निर्णय गरेको गाउँपालिकाले जनाएको छ ।



अध्यक्ष यादवले जनकपुर टुडेकर्मीसंग भने अबको केही समय भित्र पानीको समस्यालाई समाधान गर्न दीर्घकालीन योजना अगाडि बढाएको बताए ।

केही दिन भित्रमै पर्सा गाउँपालिकामा ठूलो खानेपानी योजनाको काम अगाडि बढाइने छ, जसबाट पालिकावासीहरूको पानीको समस्या सदाको लागि समाधान हुने उनले दाबी गरे ।

# चोरीका घटनामा अधिकांश युवा संलग्न

जनकपुरधाम । खुला सीमाना, लागुऔषध दुर्व्यसनी र बेराजगारी समस्याका कारण धनुषामा चोरीका अधिकांश घटनामा युवा संलग्न रहेको पाइएको छ । चोरीका घटनामा १६ देखि २५ वर्ष उमेर समूहका युवाको संलग्नता रहेको तथ्याङ्क छ ।

जिल्ला प्रहरी कार्यालयका प्रमुख प्रहरी उपरीक्षक विश्वराज खड्काले चालु आर्थिक वर्षमा चोरीको घटनामा पक्राउ परेका करिब चार सय जनामध्ये अधिकांश २५ वर्षमुनिका रहेका बताउनुभयो । “उत्पादनशील उमेर समूहका युवा नै चोरी तथा कुलतमा संलग्न हुनु सबैका लागि चिन्ताको विषय हो”, उहाँले भन्नुभयो- “अधिकांश लागुऔषध सेवनकर्ता रहेका छन् ।”

युवाको मानसिकता किन आपराधिक बन्दैछ भन्नेबारे अनुसन्धान आवश्यक भएको प्रहरी उपरीक्षक खड्काले बताउनुभयो । युवालाई कुलतमा फस्न नदिनका लागि प्रभावकारी कार्यक्रमको खाँचो रहेको उहाँले बताउनुभयो ।

धनुषाका प्रहरी प्रवक्ता एवं प्रहरी नायब उपरीक्षक वेदप्रसाद गौतमले प्रहरीले विशेष सुरक्षा योजना बनाई प्रहरी निरीक्षकको नेतृत्वमा २५ जनाको टोली परिचालन गरिएको बताउनुभयो । राति गस्ती, एम्बुस टोली परिचालन, सीमानाकामा जाँचलगायत कार्य आवश्यक भएको उहाँको भनाइ छ । गत आर्थिक वर्ष २०७९/८० मा चोरीका घटनामा पक्राउ परे पनि उनीहरूका विरुद्ध पीडितले जाहेरी दिन नमान्दा अधिकांशलाई अभद्र व्यवहारअन्तर्गत मुद्दा दर्ता गर्नुपरिरहेको प्रहरी नायब उपरीक्षक गौतमले बताउनुभयो ।

गत आवमा मात्रै चोरी भएका दुई सय ३६ मध्ये ८१ मोटरसाइकल बरामद गरी सम्बन्धित व्यक्तिलाई बुझाइएको छ । बिहीबार जिल्ला प्रहरी कार्यालयले चोरीका घटनामा संलग्न भएको आरोपमा पक्राउ परेका ३० जनालाई सार्वजनिक गरेको थियो । पक्राउ पर्नेमा अधिकांश १७ देखि ३८ वर्ष उमेरका रहेका छन् । रासस

**रोजगार बनौं ! ADMISSION OPEN रोजगार बनौं !**

जनकपुर अञ्चल भरिमै लगातार उत्कृष्ट रुपमा रिजल्ट ल्याउन सफल एकमात्र-सु-प्रसिद्ध तालिम केन्द्र

**शंकर टेक्निकल**

**CTEVT द्वारा मान्यता प्राप्त**

२०८०/०८१ मा डिप्लोमा तथा प्रि-डिप्लोमा तहको पूर्ण शुल्किय तर्फको आवेदन फारम भर्ने सम्बन्धी अत्यन्त जरुरी सूचना ।

**DIPLOMA PROGRAMME**

समान्य चिकित्सा (H.A)- ३ बर्षे
आयुर्वेद समान्य चिकित्सा (A.H.A) -३ बर्षे
ल्याब टेक्निसियन (C.M.L.T) -३ बर्षे

**PRE-DIPLOMA PROGRAMME**

बिद्युत सब-ओभरसियर (E.S.O.) -१८ महिने
सिभिल सब-ओभरसियर (C.S.O) -१८ महिने
सर्भे ईन्जिनियरिङ्ग (अमिन नाप) -१८ महिने
कोषहरुमा Diploma को लागि S.L.C. पास तथा SEE मा न्यूनतम २ GPA तथा प्रि डिप्लोमाको लागि S.L.C. पास तथा SEE मा E ग्रेड सम्मका विद्यार्थीहरु नयाँ भर्नाका लागि आजै सम्पर्क गरेर आ-आफ्नो सिट सुरक्षित राखी मौकाको फाइदा उठाउनुहोस् ।

**फारम भर्ने अन्तिम मितिः- २०८० श्रावण १२ गते सम्म ।**
**Diploma को प्रवेश परिक्षा हुने मितिः २०८० श्रावण २४ गते विहान ०८:०० बजे ।**
**Pre-Diploma को २०८० श्रावण २४ गते दिउँसो १ बजे ।**

**सम्पर्क स्थान**

**शंकर टेक्निकल ट्रेनिङ्ग सेन्टर**

जिरोमाइल (कवरगाह देखि दक्षिणपट्टी जाने बाटोमा) जनकपुरधाम-७
फोन नं. ०४१-४२१३६२, मो.नं. ९८१२०९१४६४, ९८५४०२०५६४, ९८४४०३८३६७

# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरू

## ।। मुक्तक ।।

अमृत पाउन कहि क्षीर सागर खोज्दैछु
उपरोक्त लागि उपयुक्त गागर खोज्दैछु
पाउन तेसलाई त प्रेम नै आवश्यक छ
तो सब त मभित्र छ तर बाहर खोज्दैछु।।१।।
कुकर्म गरि सुकर्म गरे जतानेलाई देखिरहेछु
समाजमा बिद्रोह फैलाउनेलाई देखिरहेछु
दुर्गन्ध गर्नेले प्रसिद्धिको शिखरमा बसेका छन्
अचेल पीडा दिनेले नै पिडाबाट निकालनेलाई
देखिरहेछु।।२।।
सबैले गाउनुपर्छ छ यहाँ गीत हरेकको
खोज कहि होला असल मीत हरेकको
मुटुलाई बुझ्देपछि मात्र थाहा हुन्छ यीकुरा
सही गीत र मीत भए हुन्छ जीत हरेकको।३।



प्रमोद महतो
बसन्तपुर, सर्लाही

## गजल

अर्थहिन जीन्दगीको बाटै भएन
हिँड्न खोजे तर पनि आटै भएन ।।
सबै रमे समयसँग खेल्दै मुस्कुराउदै
हरियाली जीन्दगीको छाटै भएन ।।
दलेको छ दुनियाँले बाटो दोबाटोमा
यो मनको पिडा दल्ने घाटै भएन ।।
दुख्छ होला किन मन त्यही पराईमा
विवशतामा लडे म समाउने हातै भएन ।।
सारा उमेर बितिसक्यो रानी बिरानीमा
झरी पर्दा ओत लाग्ने छातै भएन ।।



लेखक बिनय दाहाल काजी

## गजल

नदेखिने नयन भित्र कति गहिरो रह थियो
पत्तै नपाई बिसाई दिने उसै सित बह थियो
उनको नजरसित प्रित घोच्ने शर तयार बन्दा
रोकीदिने उनको त्यहीँ नयन भित्र गह थियो
मेरो मनमा उनी हुदां फूलै फूलको शौगातले
सयपत्री फूल फुल्दा घर- घरमा सह थियो
हेर्दा हेर्दा लाग्न थाल्यो तिम्रो लाली ओठमा
मौरीसँगै उडी गई ल्याई लिने मिठो मह थियो
खेजी हेरे आफ्नै ,शरीर भित्र पाईन कहि कतै
डुबे पछि थाहा भयो उनकै नजरको दह थियो



प्रविन कुमार यादव

## छोडी गयो

थाहा छैन कहिलेको हिसाब छोडी गयो
जिन्दगीले टेबलमा किताब छोडी गयो ।
आकासबाट दिन र रात गर्नेहरूलाई
जूनकीरीले सानो यौटा जबाब छोडी गयो ।
हिउँजस्तो सम्बन्धमा लाग्न थाल्यो आगो
उसले जब मुस्कानको दबाब छोडी गयो ।
क्रूर मुटुभित्र फुल्यो सिर्जनाको फूल
चेतनाले हेर कस्तो प्रभाव छोडी गयो ।
वर्षौंदेखि कुरिरा'छु त्यही रातलाई
झसिमिसेमा जसले रातो गुलाब छोडी गयो



नाम:राजन कुमार महातो
घर:क्षिरेश्वरनाथ नगरपालिका सीतानगर-८

## कानैय मिथिला माइ

जागु यौ मैथिल भैया आ ४ भाइ !!
मरैय मैथिल कानैय मिथिला माइ !!
जरैय मिथिला हाँसैय सामन्ती वर्ग आ ४ कसाइ !!
नेतासभासद कुर्सी लेल मचौने छथि तबाही !!
करैय शोषण मैथिलक हप्कैय मिथिला माइ !!
मैथिलक अर्जल सम्पति लेने छथि हथिआइ !!
हेपैय धोती,कुर्ता गम्छा कहिक छिनैय मिथिला माइ!!
मैथिल भाषाभाषी बुझिक सबहक बुझैय पराई!!
मिथिलामे आइग दहेज धध्कैय, लागल छथि पसाही !!
जिनगीक बुझैछथि सस्ता, सेनुर भेल अछि महगाइ !!
बेटी कहि छथि फटफटिया मगैत छथि जमाइ !!
जँ देबही नहि फटफटिया हमरा मारि देतौ गे माइ !!
लरैय सब अपन अधिकारक लेल खुनक लडाइ !!
कनैय बुद्ध, सीता, सलहेस क्यौ ने अछि गबाही !!



लेखक : फूलगेन महरा
ठेगाना : सिरहा न.पा.-७ (राज महिसोथा)
( सु.स.मो. या. ब क्याम्पस सिरहा )

## हामि किसान हो

बिहान उठ्नु बित्तिकै खेत जाने हाम्रो काम हो
यहि हाम्रो गान हो , त यहि हाम्रो दोकान हो
खै ! किन सधैं हामिलाइ नै रुइराख्नु पर्छ
कारण सायद यहि हो , कि हामी किसान हो
किसान का लागि यो गर्यौ, सरकार को बखान हो
नेताको काम बाट अहिले पनि हामी अन्जान हो
कहिलै पनि हामी शान्त मनले काम गर्न सक्दैनौ
कुरा मात्र यहि हो , कि हामी त किसान न हो
न हाम्रा लागि उपहार , न त कुनै सम्मान हो
आखिर जहाँ गए पनि हाम्रो अपमान हो
कहिले मलको त कहिले सिचाइ को चिन्ता
सधै दुःख भोग्नु पर्छ किनकी हामी किसान हो
कोदालो लिएर काम गर्नु गरिब को पहिचान हो
यहाँ त नामको लागि मात्र देश कृषि प्रधान हो
घाम ,पानी भोक र तिर्खा भुल्ने त बानी नै भयो
हाम्रो नभबिस्य नवर्तमान हो किनकी हामी किसान हो
हिमाल, पहाड र तराई त झन अन्नको भन्डार हो
आफु लाई किसान भन्नू चै यो देशमा मृत्युदान हो
आफ्नो परिवार पनि पाल्न नसक्ने कस्तो अभागी
हामी आज पनि पछाडी छौ किनकी हामी किसान हो



लेखक : आदर्श सिंह
बटेश्वर गाउपालिका, धनुषा

## माइटक मुरति

हम सब छी माइट क मुरती
गढने छै भगवान यौ
जनमइने छै माई अपना कोइख स
बाबुजी पालन पोषण कइने छै
माई दुध पियाइ पोषणे छै
हम सब छी माइट क मुरती
धर्ति प एलौ करम करे ला
कहै छै माइ बाप
बौवा करम कर फल क चिन्ता नै करु
देखै छी लेकिन पैसा क जोर
अइ बिना नै खुलै छै केकरो डोर
एगो सीतारा बनके हमरो ललसा
पढु लिखु खुब मन लगाक
खुब कमाएब नाम गे
तइयो नै पुछबै सँझिया के
पैसा पैसा काहे करे दुनीया हे
भगवान काहे गढलि पैसा गे
सब गोटा मातल पैसा पाछु
हम छि झुकल समाज आगु
छि हम बाबु माइ क खुब दुलारु



प्रमोद राम
जनकपुर ९

## ।। जहाँ नुनको कर तिर्नु पर्छ त्यहाँ सुन कसरी छिर्छ ।।

जहाँ नुनको कर तिर्नु पर्छ
त्यहाँ क्युईटल सुन कसरी छिर्छ
ए सरकार कस्तो छ
तिम्रो एयरपोर्ट सेक्रेटरी कर्मचारिको
बेहवार
हामी विदेश बाट आउदा
खुट्टा को जुत्ता पैन्टको बेल्ट
ज्याकेट निकालन लगाउ छौ
एउटा मोबाइल टिबी को कर
तिराउन लगाउ छौ
आज त क्युईटल सुन कसरी छिरे
जनता लाई खुन पसीना चुसन जाने छौ
हामी जस्ता विदेशमा बस्ने लाई
भेडा बाख्रा ठाने छौ
ए सरकार कस्तो छ तिम्रो
एयरपोर्ट सेक्रेटरी कर्मचारिको बेहवार
लुटन सम्म लुट छौ हामी गरीब
निमुखा जनता लाई
आफ्नै देशमा बेरोजगारी बनाउछौ
हामी जनता लाई
ए सरकार कस्तो छ तिम्रो एयरपोर्ट
सेक्रेटरी कर्मचारिको बेहवार



धनेश्वर ठाकुर
धनुषाधाम, ४ लक्ष्मीपुर

## ।। महादेव ।।

तुही कालोके काल तुही देवोके देव ।
तुही महाकाल प्रभु तुही महादेव ।।१।।
हे! पशुपति नीलकण्ठ त्रिलोचन ।

श्री राम कृष्ण तुही संकटमोचन ।।२।।
हे! त्रिलोकीनाथ प्रभु घटघट बासी ।
आदी अन्त तुही अमर अविनाशी ।।३।।

माथपे चाँद गर्दनमे वासुकीमाला ।
जटामे गंगा सोभे तनपे मृगछाला ।।४।।
हे! रुद्राक्षमोती त्रिशुल डमरूधारी ।

करै छहो तु बाबा नन्दीके सवारी ।।५।।
हे! अन्तरयामी तुही दयाके सागर ।
भरै छहो खाली प्यासलके गागर ।।६।।

अपार शक्ति तोहर महिमा महान ।
तोरे कृपासे चलै यी दुनियाँ जहान ।।७।।
तोरे चरणमे छै सब तीरथ धाम ।
हे! महेश्वर कोटि कोटि प्रणाम ।।८।।



लेखक : रामरुद्राक्ष मण्डल
गाउँः सिनुरजोडा -१
युनिभर्सल एकेडेमी कक्षा-१२

# 'जुलेबी' पोस्टरमा गम्भीर भावमा सुरक्षादेखि निशासम्म

काठमाण्डु । 'मञ्जरी' फेम्ड निर्देशक गणेश देव पाण्डेको निर्देशनमा तयार भएको फिल्म 'जुलेबी'को फर्स्ट्लुक पोस्टर सार्वजनिक गरिएको छ। फिल्मको थिमअनुसार गुलाबी 'कलर टोन'मा तयार पारिएको पोस्टरमा फिल्मका प्रमुख कलाकारहरु निशा अधिकारी, सुरक्षा पन्त, उषा रजक र सुशील सिटौला गम्भीर मुद्रामा चित्रित छन् । पोस्टरको पुच्छरमा एक जोडीको प्रेमभावलाई पनि प्रस्तुत गरिएको छ।

आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म चारजना महिला पात्रको प्रेमकथामा केन्द्रित छ । फिल्ममा मोनिका थापा, पुष्कर कार्की, तुफान थापालगायतको पनि अभिनय छ । एन्थोलोजी जनरामा निर्माण भएको फिल्मले तीन घटनालाई चित्रण गर्ने कार्यकारी निर्माता नवीन भट्टले जानकारी दिए । फोर क्युब इन्टरटेन्मेन्टको ब्यानरमा निर्मित 'जुलेबी'की निर्माता आभा शर्मा हुन् ।

फिल्ममा विवेक खड्काको छायांकन, जाटवेद बनर्जीको संगीत, अन्जय खड्काको सम्पादन र साउण्ड डिजाइन उत्तम न्यौपानेको छ। डिसिएनले वितरणको अधिकार लिएको फिल्मको विदेशका केही देशमा प्रदर्शन अधिकार बिक्री भैसकेको छ । फिल्मको कथावस्तु दर्शकलाई पृथक लाग्ने निर्देशक पाण्डेको विश्वास छ । उनले पछिल्लो पटक फिल्म 'गाँजाबाजा'को निर्देशन गरेका थिए।

# 'हिंड्दा हिंड्दै' गीतमा आकाश र रेखाको प्रेमभाव



काठमाण्डु । आगामी भदौ १ गतेबाट प्रदर्शनमा आउने तयारीमा रहेको लभस्टोरी फिल्म 'हिँड्दा हिँड्दै'को रोमान्टिक गीत सार्वजनिक गरिएको छ। 'हाँस्ने ओठहरु तिम्रा हुन्' बोलको सार्वजनिक गीतमा सुगम पोखरेल र अञ्जु पन्तको युगल स्वर रहेको छ भने किरण माइकल घिमिरेको शब्द रचना तथा संगीत छ। यो गीतले फिल्मका मुख्य अभिनेता आकाश श्रेष्ठ र अभिनेत्री रेखा शाहको प्रेमभाव बोल्छ । मिलन आले मगर निर्देशित फिल्ममा सलोन बस्नेत, सानिया खान, विकास थापा मगर, विमल श्रेष्ठ, बाल कलाकार अर्विन थिङ्गको पनि अभिनय छ। नारायण सुशील पंगेनी इन्टरटेन्मेन्टको ब्यानरमा तयार भएको फिल्ममा सुशील पंगेनीको लेखन तथा निर्माण छ। विमल श्रेष्ठ प्रस्तुतकर्ता रहेको फिल्ममा राज लामा निर्मातामा छन् भने प्रमोद कुमार तामाङ र महादेश शाह सह-निर्मातामा छन्।

आरआर फिल्म्सले देशभर वितरण गर्न लागको फिल्ममा सुमन कुमार तण्डुकारको छायांकन, गौतमराज खड्काको सम्पादन, देव महर्जनको द्वन्द्व, तारा प्रकाश लिम्बू र किरण माइकल घिमिरेको संगीत तथा कविराज गहतराज र सुरेन्द्र बसेलको कोरियोग्राफी छ। अघिल्लो वर्ष दुई फिल्मको असफलताले हच्किएका आकाशलाई 'हिँड्दा हिँड्दै' व्यावसायिक रुपमा सफल हुनैपर्ने दबाब छ।

# शिल्पाको नाटकमा डेब्यू

काठमाण्डु । फिल्ममा असफलतासँग जुधिरहेकी अभिनेत्री शिल्पा मास्केले नाटकमा डेब्यू गरेकी छन् । घिमिरे युवराजको निर्देशन तथा कुमार नगरकोटीको लेखन रहेको 'ट्रान्जिट' नामक नाटकमा उनी मुख्य भूमिकामा छिन् । साउन ५ गतेदेखि बत्तिसपुतलीस्थित शिल्पी थिएटरमा मञ्चन सुरु भएको नाटकको बिहीबार प्रिमियर आयोजना गरिएको थियो। जहाँ शिल्पाले अभिनयको प्रशंसा कमाइन्।

अभिनेत्री मास्केको डेब्यू नाटक भएकाले पनि 'ट्रान्जिट'प्रति दर्शकमा चासो ठूलो थियो । नाटकमा तीन महिला पात्रमध्ये शिल्पा एक हुन्।

पहिलो पटक नाटकमा अभिनय गरेकाले उनमा खुसी र डरको भाव दुवै छ । उनले नाटकका लागि एक महिना वर्कसपमा समय विताएकी थिइन् । नाटकमा शिल्पासँगै अभिनेता दिव्यदेव, आकांक्षा कार्की र वासना तिमल्सिनाको पनि अभिनय रहेको छ। फिल्म र नाटकबीच दशकौंदेखि कलाकार आदान-प्रदान चलिरहेको छ। फिल्ममा स्थापित धेरै कलाकारहरुले नाटकमा अभिनय गरिसकेका छन् भने नाटक हुँदै फिल्ममा स्थापित कलाकारहरुको संख्या पनि उल्लेख्य छ। अनुप बराल, दयाहाङ राई, विपिन कार्की, सौगात मल्ल, नाजिर हुसेन, लक्ष्मी वर्देवा, मेनुका प्रधान, बुद्धि तामाङलगायत धेरै कलाकारहरु नाटकले जन्माएका हुन्। फिल्मभन्दा नाटकमा काम गर्न तुलनात्मक रुपमा कठीन मानिन्छ।

फिल्ममा 'रि-टेक' दिन कलाकार छुट हुन्छ तर नाटकमा त्यो सुविधा हुँदैन । नाटकमा जे हुन्छ, प्रत्यक्ष हुन्छ। यसैले नाटक मञ्चनभन्दा अघि हप्तौंसम्म वर्कसप गरिन्छ । कलाकारलाई अभिनय निखार्न नाटक सबैभन्दा उत्तम प्लेटफर्म मानिन्छ । त्यसैले आजभोलि युवापुस्ताका कलाकारहरुको नाटकप्रति झुकाव बढ्दो छ।

# फिल्ममा जुर्न नसकेको पल र मलिकाको जोडी

काठमाण्डु । फिल्म र म्यूजिक भिडियोमा दर्शकले रुचाइएका जोडी ज्यादै कम छन् । त्यसमध्येमा पर्छन्, पल शाह र मलिका महत । फिल्ममा उनीहरुबीच सहकार्य हुन सकेको छैन । तर, म्यूजिक भिडियोमा सहकार्य टुटेको छैन । 'फूलबुट्टे साडी' गीतको सफलतापछि यो जोडी दर्शकको 'फेभरेट' बन्यो । र, म्यूजिक भिडियोमा सर्वाधिक 'डिमान्डेड' । स्क्रिनमा यो जोडीको केमेस्ट्री सुहाएको देखिन्छ ।

उनीहरुले निरन्तर म्यूजिक भिडियोमा काम गरिरहँदा पल एक घटनाका कारण जेल जानुपर्‍यो । जेलमुक्त भएपछि पलसँग काम गर्न मलिकाले नचाहेको चर्चा चलिरहेको समयमा यी दुईले फेरि एकसाथ म्यूजिक भिडियोमा काम गरेका छन् । अहिले उनीहरु एक गीतको छायांकनमा व्यस्त छन् । दुवैले एकअर्कासँग पुनः काम गरेको जानकारी आ-आफ्नो इन्स्टाग्राममार्फत् गराएका छन् ।

म्यूजिक भिडियोमा जोडी रुचाइएपछि पल र मलिकालाई फिल्ममा लिन मेकरहरुबीच हानाथाप नै चलेको थियो । उनीहरुले फिल्म 'सत्यम्'मा काम गर्ने त निश्चित नै भैसकेको थियो ।

# 'छक्का पञ्जा ४'लाई कमाईमा 'जारी' ले दिएको टक्कर




काठमाण्डु । नेपाली फिल्म क्षेत्रको ठूलो ब्रान्ड हो, 'छक्का पञ्जा' । यसले कमाईमा इतिहास रचेको छ । दर्शकको विश्वास कमाएको छ । यसैले त यसका हरेक श्रृंखला बक्स अफिसमा ब्लकबस्टर हुँदै आएका छन् । 'छक्का पञ्जा' सिरिजले कमाईमा बनाएको रेकर्ड तोड्न अरु नेपाली फिल्मलाई मुश्किल मानिएको थियो । तर, रेकर्ड तोड्नलाई नै बन्छ। र, 'छक्का पञ्जा'को रेकर्ड 'कबड्डी ४'ले तोड्यो।

'कबड्डी ४'ले बनाएको सर्वाधिक कमाई (२१ करोड ग्रस)को रेकर्ड गत वर्ष प्रदर्शनमा आएको फिल्म 'छक्का पञ्जा ४'ले तोड्न सक्ने आँकलन कतिपयले गरेका थिए । तर, सम्भव भएन । चलचित्र विकास बोर्डको तथ्यांकअनुसार 'छक्का पञ्जा ४'को लाइफटाइम ग्रस कलेक्सन १७ करोड ५२ लाख छ । बरु यो फिल्मलाई घरेलू बजारमा कमाईको मामलामा 'जारी'ले टक्कर दिएको देखिन्छ।

भोलि शनिबार प्रदर्शनको सय दिन मनाउन लागेको 'जारी'को ग्रस कलेक्सन १७ करोड १७ लाख १९ हजार रहेको छ। अर्थात् ३५ लाख ४ हजारले मात्र 'छक्का पञ्जा ४' अगाडि छ। ठूलो ब्रान्ड भएको फिल्मलाई 'जारी'ले कमाईमा दिएको टक्कर उदाहरणीय मान्न सकिन्छ। फिल्म व्यावसायिक रुपमा सफल हुन ब्रान्ड नामै चाहिन्छ भन्ने भ्रम पनि धेरै हदसम्म 'जारी'ले तोडेको अवस्था छ।

'जारी' सफल हुनुमा तीनवटा कारण महत्त्वपूर्ण छन् । पहिलो, फिल्म लिम्बु परम्परामा आधारित थियो। र, यो समुदायका दर्शकको हलमा उपस्थिति उल्लेख्य देखियो । दोस्रो, फिल्म आफैंमा बलियो थियो । तेस्रो, मेकरप्रति दर्शकको ठूलो विश्वास थियो । उपेन्द्र सुब्बाको निर्देशन, रामबाबु गुरुङको निर्माण, दयाहाङ राई र मिरुना मगरको अभिनय भएकाले फिल्म दर्शकको रोजाईमा पर्‍यो ।

# पार्टी र नेतृत्वको संरक्षण सबैको कर्तव्य : डा आरजु राणा

काठमाण्डु । नेपाली कांग्रेसका केन्द्रीय सदस्य डा आरजु राणा देउवाले पार्टी र पार्टीका नेतृत्वको संरक्षण गर्नु सबै नेता तथा कार्यकर्ताहरुको



कर्तव्य हो भन्नुभएको छ ।

पार्टीको जारी केन्द्रीय समितिको बैठकमा नेता राणाले पार्टीमा लागिसकेपछि पार्टीको तथा पार्टीका नेताहरुको संरक्षण गर्नु सबै कार्यकर्ताको कर्तव्य भएको बताउनुभयो ।

नेत्री डा राणाले आफ्नै पार्टी र नेतृत्वको खुलारुपमा आलोचना नगर्न पार्टीका सबै पदाधिकारी र केन्द्रीय सदस्यलाई सुझाव दिनुभएको हो ।

उहाँले पार्टीको सिद्धान्तको पछि लागेर अघि बढेमात्रै नेपाली कांग्रेस पार्टी सफल हुने र त्यसपछि मुलुकको राजनीति र कांग्रेसका नेताहरु सफल हुने धारणा राख्नुभयो ।

पार्टीले महिला र दलितलाई उचित स्थान नदिएको गुनासो पनि गर्नुभयो । "निर्वाचन आयोगले महिलालाई ३३ प्रतिशत उठाउने पर्छ भनेको छ, हाम्रो पार्टीको योजना के हो ?", उहाँको प्रश्न थियो, "अन्तिममा टर्च बालेर महिला खोज्ने हो कि अहिलेदेखि नै काम गर्ने हो ।" उहाँले राजनीति गर्ने र सरकार चलाउनेबीच खाडल रहेको भन्दै त्यसमा पनि कांग्रेसले ध्यान दिन जरुरी रहेको बताउनुभयो ।

"पार्टी सभापति शेरबहादुर देउवा प्रधानमन्त्री भएको समयमा म उहाँको पत्नीका रुपमा चार/पाँच ठाउँमा पुगेकी छु", उहाँले भन्नुभयो, "हाम्रा मन्त्रीहरु सरकार सञ्चालनको तयारी अवस्थामै हुनुहुन्न, उहाँहरुले सिक्दासिक्दै मन्त्री पद गइसक्छ । त्यसैले यस विषयलाई घोषणपत्रमै उल्लेख गरेर अघि बढ्नुपर्छ ।"

उहाँले मुलुकमा कसरी शासन सञ्चालन भइरहेको छ भन्ने विषयमा प्रशिक्षण सञ्चालन गर्न आग्रहसमेत गर्नुभयो ।

निर्वाचन जितेर आउने तर शासन गर्न नजान्दा नेताहरु असफल हुने गरेको उहाँको टिप्पणी थियो । उहाँले सामाजिक सञ्जाल र पछिल्लो समय विकास भएको 'आर्टिफिसियल इन्टेलिजेन्स'को बारे पनि जानकारी लिन आवश्यक रहेको बताउनुभयो ।

नेता राणाले पार्टीका नेताहरु नै आफूहरु फिल्डमा जाँदा एउटा कुरा भन्ने र काम अर्कै भइरहेको भन्दै यसबीच सन्तुलन आवश्यक रहेको बताउनुभयो ।

नेता राणाले पार्टीले सदस्यको सङ्ख्या मात्रै बढाएर नहुने भन्दै सङ्ख्याले सबै अर्थ नराख्ने बताउनुभयो ।

"मलाई यस्तो जिल्ला र वडाहरु थाहा छ, जहाँ क्रियाशिल सदस्यभन्दा कम भोट आएको छ", उहाँले भन्नुभयो, "सदस्यता लिनका लागि पहिले आवेदन लिने र त्यसपछि प्रशिक्षण दिनुपर्छ, राजनीति किन गर्न लागेको जानकारी हुनुपर्छ ।"

डा राणाले कांग्रेसले आफ्नो परराष्ट्र नीतिमा पुनरावलोकन गर्नुपर्ने हो कि भनेर सोच्नुपर्ने सुझाव पनि दिनुभयो ।

विश्वभर ध्रुवीकरण भइरहेको भन्दै यसमा ध्यान दिन उहाँले सुझाव दिनुभयो । "परराष्ट्र नीतिमा हामी पहिलेकै ठाउँमा छौँ कि यताउता भएका छौँ यस विषयमा स्पष्ट हुनुपर्छ", उहाँले भन्नुभयो, "अहिले विश्व नै ध्रुवीकरण भएको समयमा मुलुकलाई असंलग्न नीतिमा कसरी राखिराख्ने हो त्यसमा ध्यान दिनु जरुरी छ", उहाँको भनाइ थियो । रासस

# डिजिटल साक्षरता विद्यालयको पाठ्यक्रममा समावेश गर्न आवश्यक : प्रधानमन्त्री



काठमाण्डु । प्रधानमन्त्री तथा राष्ट्रिय सुरक्षा परिषद्का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले सूचना प्रविधिको युग र राष्ट्रिय आवश्यकतालाई मध्यनजर गर्दै विद्यालय तहदेखि नै डिजिटल साक्षरतामुखी पाठ्यक्रम जरुरी रहेको बताउनुभएको छ ।

राष्ट्रिय सुरक्षा परिषद्द्वारा शुक्रबार सिंहदरबारमा आयोजित 'आधुनिक सूचना प्रविधिले राष्ट्रिय सुरक्षामा पार्ने प्रभाव' विषयको अन्तर्क्रियामा उहाँले भन्नुभयो, "विज्ञान-प्रविधिको युगमा आधारभूत तहबाटै डिजिटल साक्षरताको विकास गरी प्रविधिमैत्री ज्ञानका साथै प्रविधिको दुरुपयोगको खतराबाट बच्नसक्ने पर्याप्त सावधानीबारे जानकारी आवश्यक छ ।"

उहाँले देश र जनता एवं स्वयं आफ्नो व्यक्तिगत जीवनलाई कसरी प्रविधिमैत्री बनाउने, कुन सामग्री देश र समाजका लागि अनुकूल वा प्रतिकूल छन्, तिनीहरूबारे आधारभूत ज्ञान कसरी राख्ने, सही सामग्रीको छनोट कसरी गर्ने ? लगायत विषयमा पर्याप्त ज्ञान हुनुपर्ने बताउनुभयो ।

"पर्याप्त ज्ञानबिना साइबर प्रविधिको प्रयोग र यसमार्फत पैदा भएका चुनौतीसमेत सामना गर्न सकिँदैन", उहाँले भन्नुभयो, "तसर्थ विद्यालय तहबाट नै पाठ्यक्रममा डिजिटल साक्षरताको व्यवस्था गर्नेतर्फ समेत हाम्रो ध्यान केन्द्रित हुन आवश्यक छ ।"

सूचना प्रविधिको प्रयोग आम नागरिकको दैनिकी बनिसकेको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले आधुनिकीकरण, विश्वव्यापीकरण र नेटवर्कमा आधारित कम्प्युटर सञ्जालीकरणले राष्ट्रिय सुरक्षाको गहनता, चासो र क्षेत्र दिन प्रतिदिन फराकिलो बन्दै गएको बताउनुभयो ।

"राष्ट्रिय सुरक्षा आन्तरि करूपमा शान्ति सुरक्षा अमनचयन, नागरिक सुरक्षा र बाह्यरूपमा देशको भौगोलिक सीमा सुरक्षासँग प्रत्यक्षरूपमा जोडिएको विषय हो", उहाँले भन्नुभयो, "राज्यकेन्द्रित सुरक्षा अहिले नागरिक केन्द्रित बन्दै गएपछि सार्वभौमसत्ता, राजनीतिक स्वतन्त्रता र भौगोलिक अखण्डता सँगसँगै राष्ट्रिय सूचना र नागरिक सुरक्षाका विषय पनि महत्वपूर्ण बनेका छन् ।"

डिजिटल आक्रमण, साइबर अपराधले गर्दा राष्ट्रिय सूचनाको संरक्षण, तथा व्यक्तिगत गोपनीयताको संरक्षणमा जटिलता बढ्दै गएको जनाउँदै प्रधानमन्त्री दाहालले यसबाट राष्ट्रिय सुरक्षा र अपराध अनुसन्धानलगायतका संवेदनशील विषयमा पनि चुनौती थपिएको बताउनुभयो ।

"राष्ट्रिय र सामरिक महत्वका सूचनाका अतिरिक्त अन्य सूचनाहरू चोरी गर्ने, ह्याक गर्ने तथा देशको सम्पूर्ण कम्प्युटर नेटवर्कमाथिको साइबर आक्रमण शुक्रबारको डिजिटल युगले ल्याएको नयाँ परिस्थिति पनि राष्ट्रिय सुरक्षाको दृष्टिकोणबाट चुनौतीपूर्ण विषय बनेका छन्", उहाँले भन्नुभयो ।

सूचना प्रविधिको क्षेत्रमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय क्षेत्रमा भएको विकासमा पहुँच पुऱ्याई प्रविधि हस्तान्तरणलाई सहजीकरण गरी देश विकासमा योगदान गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।साइबर सुरक्षा चुनौती थपिँदै गएकाले यसबाट बच्ने सुरक्षात्मक उपाय अवलम्बन गरी साइबर सुरक्षाको स्तर वृद्धि गर्दै साइबर अपराध नियन्त्रण गर्नुपर्ने उहाँको भनाइ छ ।

सूचना प्रविधि विभागमार्फत सरकारी सूचना प्रणालीको परीक्षण गर्ने व्यवस्था मिलाइएको उल्लेख गर्दै प्रधानमन्त्री दाहालले सबै सरकारी निकायले मापदण्डअनुसार वेबसाइट र एप्लिकेसनको निर्माण गर्नुपर्ने बताउनुभयो ।

"हालैका दिनमा सरकारका वेबसाइट अवरुद्ध भएका घटना र त्यसबाट नागरिकलाई गरिने दैनिक सेवा प्रवाहमा आएको अवरोधले हामीलाई थप संवेदनशील बनाएको छ", उहाँले भन्नुभयो, "यसबाट सेवा प्रवाहमा जनताको विश्वसनीयतामा कमी आई देशले आर्थिक घाटा समेत व्यहोर्नुपर्ने हुन्छ ।"

प्रधानमन्त्री दाहालले सरकार जतिसक्दो चाँडो साइबर सुरक्षा नीति निर्माण गरी कार्यान्वयनमा ल्याउन प्रतिबद्ध रहेको बताउनुभयो। "सूचना प्रविधिसम्बन्धी विधेयक पनि संसदमा पेस गर्ने गृहकार्य भइरहेको छ", उहाँले भन्नुभयो ।

आम नागरिकमा साइबर सुरक्षासम्बन्धी पर्याप्त चेतनाको अभावले व्यक्तिगत तथ्याङ्कमाथि सुरक्षा चुनौती बढ्दै गएको उल्लेख गर्दै उहाँले यसको नियन्त्रणका लागि साइबर सुरक्षा जागरुकतालाई राज्य र जनस्तरबाट साझा अभियानकै रूपमा अघि बढाउनुपर्नेमा जोड दिनुभयो । "आवश्यक सहयोग र सहजीकरण गर्न सरकार प्रतिबद्ध छ", उहाँले भन्नुभयो । रासस

## प्रधानमन्त्री प्रचण्ड शनिबार इटालीको रोम जानुहुँदै

काठमाण्डु । संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठनको 'फुड सिस्टम समिट प्लस टु'मा सहभागी हुन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड' शनिबार इटाली प्रस्थान गर्दै हुनुहुन्छ । नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री दाहाल शनिबार साँझ त्यसतर्फ प्रस्थान गर्न लाग्नुभएको उहाँका प्रेस सल्लाहकार गोविन्द आचार्यले जानकारी दिनुभयो ।

संयुक्त राष्ट्र सङ्घको खाद्य तथा कृषि सङ्गठनको मुख्यालय इटालीको रोममा आयोजना हुने 'युनाइटेड नेशन्स फुड सिस्टम–२०२३ स्टकिङ मोमेन्ट'मा प्रधानमन्त्री प्रचण्डले विशेष सम्बोधन गर्नुहुने कार्यक्रम छ । सो कार्यक्रम यही साउन ८ देखि १० गतेसम्म आयोजना हुँदै छ ।

प्रधानमन्त्री दाहालले यही साउन ८ गते सो कार्यक्रमको उद्घाटन सत्रमा सहभागी हुनुहुनेछ । यस्तै, अतिकम विकसित मुलुकको अध्यक्षको हैसियतमा उहाँले विशेष सम्बोधन गर्नुहुने कार्यक्रम तय भएको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

सोही दिन नै प्रधानमन्त्री दाहाल विद्यालय भोजनको बारेमा आयोजना गरिएको छलफल सत्रमा सहभागी हुनुहुनेछ । यसैगरी उहाँ साउन ९ गते खाद्य प्रणाली परिवर्तन र अभ्यासमा सन्दर्भमा आयोजना हुने छलफलसमेतमा सहभागी हुनुहुनेछ ।

भ्रमणका क्रममा प्रधानमन्त्री दाहालले संयुक्त राष्ट्र सङ्घका उच्च अधिकारीसँग साइडलाइनमा भेटवार्ता गर्नुहुने कार्यक्रम तय भएको छ । खाद्य तथा कृषि सङ्गठनका महानिर्देशक, विश्व खाद्य कार्यक्रमका कार्यकारी निर्देशक, कृषि विकासका लागि अन्तर राष्ट्रिय कोषका अध्यक्षलगायतका संयुक्त राष्ट्रसङ्घीय अधिकारीसँग प्रधानमन्त्री दाहालले भेटवार्ता गर्नुहुने कार्यक्रम तय भएको छ ।

नेपालको खाद्य सुरक्षाका अलावा, नेपालले भोगिरहेको चुनौती एवं अन्तर्राष्ट्रिय सहयोगका बारेसमेतमा त्यस अवसरमा महत्वपूर्ण छलफल हुने कार्यक्रम छ । यस्तै, रोममा गैरआवासीय नेपाली सङ्घले आयोजना गर्ने अन्तरक्रियामा प्रधानमन्त्री प्रचण्ड सहभागी हुनुहुनेछ ।

प्रधानमन्त्री प्रचण्ड नेतृत्वको भ्रमण दलमा उहाँको स्वकीय सचिव एवं छोरी गङ्गा दाहाल, कृषि तथा पशुपंक्षी विकासमन्त्री डा बेदुराम भुसाल, राष्ट्रिय योजना आयोगका सदस्य डा जयकान्त राउत, सुरक्षाकर्मी एवं सञ्चारकर्मीको सहभागिता छ । भ्रमण पूरा गरी प्रधानमन्त्री यही साउन १२ गते स्वदेश फर्कने कार्यक्रम छ । रासस

# कांग्रेस बैठकमा समानुपातिक निर्वाचन प्रणाली खारेजीको बहस

**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली कांग्रेसभित्र निर्वाचन प्रणाली परिवर्तनका लागि संविधान संशोधनको आवाज बलियो गरी उठेको छ । पार्टी केन्द्रीय कार्यालय सानेपामा मंगलबारदेखि जारी केन्द्रीय कार्यसमिति बैठकमा समानुपातिक निर्वाचन प्रणाली खारेजीको माग गर्ने नेताहरु थपिँदै गएका छन् ।

जेठ २७ मा भएको नेपाली कांग्रेस भक्तपुर जिल्ला सम्मेलनको सम्बोधनमा सभापति शेरबहादुर देउवाले नै समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधान संशोधन आवश्यक रहेको औंल्याएका थिए । प्रत्यक्ष निर्वाचितलाई प्रतिनिधिसभामा र समानुपातिकलाई राष्ट्रिय सभामा लैजाने गरी व्यवस्था गर्न त्यसका लागि संविधान संशोधन गर्नुपर्ने देउवाको भनाइ थियो ।

संविधान संशोधन गर्न संसदमा दुई तिहाइ चाहिने भन्दै त्यसमा सबै पार्टीमा सहमति हुनुपर्ने उनको तर्क थियो। देउवाको उक्त अभिव्यक्ति नेताहरुले केन्द्रीय समिति बैठकमा प्रवेश गराएको देखिन्छ ।

बुधबारको बैठकमा चौथौँ नम्बरमा आफ्नो धारणा राखेका बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले समानुपातिक निर्वाचन प्रणाली खारेजीको विषय प्रवेश गराएका थिए ।

'निर्वाचन प्रणालीका कारण मुलुकमा अस्थिरता बढेको हो कि ? मिश्रित निर्वाचन प्रणालीले हटाएर प्रत्यक्ष निर्वाचन प्रणाली मात्रमा जानुपर्ने हो कि ? स्थायित्व र गणतन्त्रको स्थायित्व र विकासका लागि निर्वाचन प्रणालीमा परिवर्तन गर्नुपर्ने मैले महसुस गरेको छु,' बानियाँले भने ।

राजनीतिक आन्दोलनको नेतृत्व गरेको कांग्रेसले व्यवस्था सुदृढीकरणका लागि पनि नेतृत्व गर्न सभापति देउवालाई उनको आग्रह थियो । 'संसदको सबैभन्दा ठूलो दल कांग्रेसले प्रत्यक्ष निर्वाचन प्रणालीमा जानको लागि नेतृत्वदायी भूमिका खेल्नुपर्छ,' उनले भने ।

बिहीबारको बैठकमा केन्द्रीय सदस्य राजेन्द्र केसीले पनि समानुपातिक निर्वाचन प्रणाली स्थिर सरकारको बाधक भएको बताएका थिए । 'गठबन्धनबाट चुनावमा जाँदा देशलाई स्थिर सरकार दिन्छौँ भनेको थियौँ । त्यसको परिणाम राम्रै आयो । तर ४० प्रतिशत समानुपातिक सांसद हुने व्यवस्था स्थिर सरकारका लागि बाधक छ,' उनको भनाइ थियो । सरकार निर्माणको तागत ४० प्रतिशत समानुपातिक निर्वाचन प्रणालीमा रहेको केसीले बताए । '११० जना समानुपातिक सांसदलाई राष्ट्रिय सभामा व्यवस्थापन गर्न सकिन्छ । यसको नेतृत्व नेपाली कांग्रेसले गर्नुपर्छ,' उनले भने ।



*जेठ २७ मा भएको नेपाली कांग्रेस भक्तपुर जिल्ला सम्मेलनको सम्बोधनमा सभापति शेरबहादुर देउवाले नै समानुपातिक प्रणालीलाई व्यवस्थापन गर्न संविधान संशोधन आवश्यक रहेको औंल्याएका थिए । प्रत्यक्ष निर्वाचितलाई प्रतिनिधिसभामा र समानुपातिकलाई राष्ट्रिय सभामा लैजाने गरी व्यवस्था गर्न त्यसका लागि संविधान संशोधन गर्नुपर्ने देउवाको भनाइ थियो। संविधान संशोधन गर्न संसदमा दुई तिहाइ चाहिने भन्दै त्यसमा सबै पार्टीमा सहमति हुनुपर्ने उनको तर्क थियो। देउवाको उक्त अभिव्यक्ति नेताहरुले केन्द्रीय समिति बैठकमा प्रवेश गराएको देखिन्छ। बुधबारको बैठकमा चौथौँ नम्बरमा आफ्नो धारणा राखेका बागमती प्रदेश सभापति इन्द्रबहादुर बानियाँले समानुपातिक निर्वाचन प्रणाली खारेजीको विषय प्रवेश गराएका थिए।*

यस्तै, केन्द्रीय सदस्य आरजु राणा देउवाले समानुपातिक काम नलाग्ने भए प्रत्यक्षतर्फ ३३ प्रतिशत महिला उम्मेदवार अनिवार्य गर्नुपर्ने बताएकी छन् । 'समानुपातिबाट पुऱ्याएको कुरा उठेको छ । हामी महिला कामै लाग्दैन रे । उसो हाम्रा लागि निर्वाचन लडाउनुस् न त, 'राणाले भनिन्, 'महिला महिलाबीच प्रतिस्पर्धा गर्न एक तिहाइ सिट बनाऔं । हामीले भन्यौं भने अरु पनि पनि लाइनमा आउँछन् ।'

यस्तै, नेता प्रदीप पौडेल पनि मिश्रित निर्वाचन प्रणालीको विपक्षमा उभिएका छन् । वर्तमान निर्वाचन प्रणालीमा कसैले पनि बहुमत ल्याउन नसक्ने अवस्था रहेको भन्दै संवैधानिक प्रावधानहरुलाई संशोधन गर्न आवश्यक रहेको पौडेलको जिकिर छ ।

'अहिलेको व्यवस्थाभित्रबाट कसैले पनि बहुमत ल्याउने स्थिति रहँदैन र स्थिरता दिँदैन । त्यसैले, केही संवैधानिक प्रावधान सुधार्न कांग्रेसले नेतृत्व गर्नुपर्छ,' उनले भने । समानुपातिक प्रतिनिधित्व हुने गरी २०१ सिटमा प्रत्यक्ष निर्वाचन हुने व्यवस्था गर्नुपर्ने पौडेलको तर्क छ । 'प्रदेशमा पनि समावेशी प्रतिनिधित्व हुने व्यवस्था गरौं । राष्ट्रिय सभा ३५ सदस्य मात्रै हुने व्यवस्था गरौं,' उनले भने ।

सभापति देउवाको विश्वासपात्र तथा पार्टीका प्रभावशाली नेता ज्ञानेन्द्रबहादुर कार्कीले पनि प्रतिनिधिसभामा समानुपातिक निर्वाचन प्रणाली हटाउनुपर्ने पक्षमा उभिएका छन् । उनका अनुसार राजनीतिक अस्थिरताका कारण मुलुकले अपेक्षित समृद्धि हासिल गर्न सकेको छैन । यसका लागि प्रतिनिधिसभालाई प्रत्यक्ष निर्वाचित जनप्रतिनिधिको थलो बनाउने कुरामा नेतृत्व लिन सभापति देउवालाई कार्कीको आग्रह छ । 'सभापतिजीले अग्रसरता लिएर राष्ट्रिय सहमति कायम गरेर प्रतिनिधिसभालाई निर्वाचित जनप्रतिनिधिको थलो र राष्ट्रिय सभालाई समानुपातिक समावेशी थलो बनाएर देशलाई समृद्धिको बाटोमा अग्रसर गराउन सक्नुपर्छ,' उनले भने ।

यस्तै, केन्द्रीय सदस्य पुष्पा भुसालले अहिलेको मिश्रित निर्वाचन प्रणाली हटाएर प्रत्यक्षमा महिला र दलितलाई निश्चित सिटमा आरक्षण दिनुपर्ने बताएकी छन् । शुक्रबारको बैठकमा भुसालले मिश्रित निर्वाचन प्रणाली हटाउनुअघि प्रत्यक्ष निर्वाचनमा महिला र दलितको प्रतिनिधित्व सुनिश्चित हुने अवस्थाबारे सोच्नुपर्ने बताइन् । 'मिश्रित निर्वाचन प्रणालीलाई प्रत्यक्ष निर्वाचन प्रणालीतिर लिऔं । ३३ प्रतिशत महिलाको निर्वाचन क्षेत्र तोकौं,' पूर्व उपसभामुख समेत रहेकी भुसालले भनिन्, 'दलित समुदायको निर्वाचन क्षेत्र तोकौं । तल्लो सदनलाई प्रत्यक्ष निर्वाचन प्रणालीमा लिएर जाऔं ।'

केन्द्रीय सदस्य शंकर भण्डारीले पनि निर्वाचन प्रणालीबारे पुनर्विचार गर्नुपर्नेमा जोड दिएका छन् । 'यो प्रणालीले गर्दा बहुमत आउन नसक्ने भयो । त्यसले धेरै प्रकारका विकृति पनि ल्याएको छ,' शुक्रबारको बैठकमा उनले भने, 'त्यस कारण राष्ट्रिय सभालाई समानुपातिक समावेशी बनाऔं । प्रतिनिधिसभालाई प्रत्यक्ष निर्वाचित हुने व्यवस्था गरौं ।'

यस्तै, केन्द्रीय सदस्य गोविन्द भट्टराईले राजनीतिक स्थायित्वका लागि संविधान संशोधन गर्नुपर्ने बताएका छन् । 'समानुपातिकको सिटलाई प्रत्यक्षतिर धकेलेर प्रत्यक्षको सिट बढाउने हो कि ? समानुपातिकको केही सिट घटाएर राष्ट्रिय सभातिर लाने हो ?,' उनले भने ।

बैठकले समानुपातिक निर्वाचन प्रणाली खारेजीको निर्क्यौली गरेर कांग्रेसले प्रवेश संसदमा गराउनु पर्ने भट्टराईको भनाइ छ । 'यो संविधानको पहिलो अभिभावक नेपाली कांग्रेस हो । कांग्रेसले नै संविधान संशोधनको प्रस्ताव लिएर जाओस् भन्ने चाहन्छु,' उनी भन्छन् ।

यता कांग्रेसका केही नेताको रुपान्तरण अभियानले पनि संसदीय चुनाव प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत् गर्नुपर्ने माग गरेको थियो । साउन २ गते कांग्रेस केन्द्रीय कार्यालयका मुख्यसचिव कृष्णप्रसाद पौडेललाई बुझाएको प्रतिवेदनमा संसदीय चुनाव प्रत्यक्ष निर्वाचन प्रणालीमार्फत् गर्नुपर्ने उल्लेख छ ।

१६ पृष्ठको प्रतिवेदनमा स्थानीय, प्रदेश र संघीय संसदको विद्यमान संरचना परिवर्तन गर्न माग गरिएको छ । राष्ट्रिय सभालाई समानुपातिक समावेशी बनाउनुपर्ने, राष्ट्रपति र उपराष्ट्रपति फरक लिङ्ग र समुदायको बनाउनुपर्ने, उपराष्ट्रपतिलाई नै राष्ट्रिय सभा अध्यक्ष बनाउनुपर्ने अभियानको माग छ ।

# कानुन र सरकार निर्माणमा संसदको महत्वपूर्ण भूमिका छ : सभामुख घिमिरे



**टुडे समाचारदाता**

काठमाण्डु । सभामुख देवराज घिमिरेले संघियता बलियो बनाउने भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिएका छन् । शुक्रबार काठमाडौंको चन्द्रागिरीमा सुरु भएको संघीय संसद र प्रदेशसभाको अनुभव आदान प्रदान एवं अन्तरक्रिया कार्यक्रममा बोल्दै सभामुख घिमिरेले जनताका आवश्यकतालाई सम्बोधन हुनेगरि कानुन र सरकार निर्माणका लागि संघ र प्रदेश संसदको महत्वपूर्ण भूमिका रहेको बताए ।

देशका सातवटै प्रदेशका सभामुख र उपसभामुख सहित सहभागी भएको कार्यक्रममा बोल्दै उनले अहिले जनताका आवश्यकता पूरा नभएकोले संघियता आवश्यक थिएन कि भन्ने बहज सिर्जना भएकोले संघ र प्रदेशले काम गर्न नसक्नुका कारण र समस्या पहिचान गरी त्यसलाई हल गर्न राजनीतिक दल र सरकारको भूमिका महत्वपूर्ण हुने बताए । त्यसबाट भेलाले निचोड निकाल्ने विश्वास समेत व्यक्त गरे ।

सभामुख, उपसभामुख लगायत सहभागी सो भेलाले उपयुक्त खालका विधेयकलाई अघि बढाएर कानुन निर्माण गर्न र कानुन लागू गर्न सरकारलाई निर्देशन दिने विषयमा छलफल केन्द्रीत हुने विश्वास पनि सभामुख घिमिरेले व्यक्त गरे । संघ र प्रदेशसभाको अनुभव आदान प्रदानको कार्यक्रम यहि साउन ७ गतेसम्म चल्नेछ ।

# कांग्रेस बैठकमा शुक्रबार ३४ जना केन्द्रीय सदस्यको धारणा

काठमाण्डु । नेपाली कांग्रेस केन्द्रीय कार्यसमितिको बैठकमा केन्द्रीय सदस्यले आफ्ना धारणा राख्ने क्रम जारी छ । पार्टी सभापति शेरबहादुर देउवाको सभापतित्वमा पार्टी केन्द्रीय कार्यालयमा यही साउन २ गतेदेखि जारी बैठकमा शुक्रबार ३४ जना केन्द्रीय सदस्यले बोल्नुभएको थियो ।

उहाँहरुले विशेषगरी विभाग गठन, पार्टीको राष्ट्रिय अभियान घोषणा, अनुशासन समितिको प्रतिवेदन, सम्सामयिक राजनीतिक, कार्यसम्पादन समिति बैठकबाट भएका निर्णय अनुमोदन, साङ्गठनिक कार्ययोजना र कार्यतालिका, नीति अधिवेशन, पार्टीको निर्वाचन परिचालन समितिले तयार गरेको प्रतिवेदन विषयको कार्यसूचिमाथि धारणा व्यक्त गर्नुभएको थियो ।

बैठकमा शुक्रबार केन्द्रीय सदस्य गोपालमान श्रेष्ठ, प्रकाशमान सिंह, बलबहादुर केसी, ज्ञानेन्द्रबहादुर कार्की, रमेश रिजाल, डा नारायण खड्का, उमा रेग्मी, पद्मनारायण चौधरी, दिलेन्द्रप्रसाद बडु, आनन्दप्रसाद ढुङ्गाना, अजयकुमार चौरसिया, अम्बिका बस्नेत, पुष्पा भुसाल, शङ्कर भण्डारी, मीनबहादुर विश्वकर्माले आ-आफ्ना धारणा व्यक्त गर्नुभयो ।रासस

# रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको भारत भ्रमण पनि शंकास्पद

**बीबीसी**

नयाँ दिल्ली । अर्को महिना हुने ब्रिक्स शिखर सम्मेलनमा दक्षिण अफ्रिका नजाने निर्णय गरेपछि रुसी राष्ट्रपति भ्लादिमिर पुटिनको भारत भ्रमण पनि शंकास्पद बनेको छ। पुटिन जी-२० सम्मेलनमा सहभागी हुन सेप्टेम्बरमा भारत आउने भएका छन् ।



एक शीर्ष दक्षिण अफ्रिकी कूटनीतिज्ञले पुटिनले ब्रिक्स शिखर सम्मेलनलाई 'खतरामा पार्न' नचाहेकाले आफू नआएको बताएका छन् । पुटिनविरुद्ध अन्तर्राष्ट्रिय फौजदारी अदालतमा वारेन्ट जारी भएदेखि। त्यसैले यदि उनी दक्षिण अफ्रिका गए भने उनलाई त्यहाँ पक्राउ गर्न सकिन्छ।

दक्षिण अफ्रिका अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्य भएकोले पुटिनलाई पक्राउ गर्न कदम चाल्नुपर्ने हुनसक्छ। यो दक्षिण अफ्रिकाका लागि ठूलो कूटनीतिक र कानुनी दुविधा हुन सक्छ। तर बुधबार दक्षिण अफ्रिकाका राष्ट्रपति सिरिल रामाफोसाको कार्यालयले पुटिन जोहानेसबर्ग नआउने प्रष्ट पारेपछि उनी भारत नआउने चर्चा चर्कियो । पुटिन जी-२० सम्मेलनका लागि नयाँ दिल्ली नआउने आशंका भारतले यस महिनाको सुरुमा एससीओको बैठक बसेदेखि नै व्यक्त गरिएको थियो । पुटिन भारत नआउने निर्णय गरेपछि मात्रै यो सम्मेलनलाई वस्तुतः गर्ने निर्णय भएको बताइएको छ ।

**पुटिन किन जाँदैनन् दक्षिण अफ्रिका ?**

एसिया र ब्रिक्सका लागि दक्षिण अफ्रिकाका राजदूत अनिल सुक्लालले सामूहिक निर्णयपछि पुटिनले ब्रिक्स शिखर सम्मेलनमा भाग लिने निर्णय भएको बताए । सुकलालले जोहानेसबर्गमा पत्रकारहरूसँग भने, "राष्ट्रपति पुटिनले दक्षिण अफ्रिकाको दुविधा बुझेका छन्। त्यसैले उनीहरू ब्रिक्स शिखर सम्मेलनलाई खतरामा पार्न चाहँदैनन्।" दक्षिण अफ्रिकाले यस वर्ष ब्रिक्सको अध्यक्षता गर्दैछ। ब्राजिल, रुस, भारत र दक्षिण अफ्रिकाको संगठन द्यच्क्षत्रद्गक पशिचमी देशहरूको आर्थिक प्रभुत्वलाई चुनौती दिन गठन गरिएको थियो। २००१ मा गोल्डम्यान साक्स अर्थशास्त्री जिम ओ'निलले यी देशहरूलाई ब्रिक्सको रूपमा नामाकरण गरे। उनले सन् २०५० सम्म यी देशको अर्थतन्त्रले विश्वभर प्रभुत्व जमाउने बताए ।

BRICS का सबै सदस्य राष्ट्रहरू जी-२० का पनि सदस्य छन्। हाल विश्वको कुल गार्हस्थ्य उत्पादनमा ब्रिक्स राष्ट्रहरूको हिस्सा २६ प्रतिशतभन्दा बढी छ। ब्रिक्स सम्मेलनमा पुटिन दक्षिण अफ्रिका नजाने समाचारको पुष्टि भएपछि उहाँ जी-२० सम्मेलनमा भारत नआउने सम्भावना छ । भारतीय विदेश मन्त्रालयका प्रवक्ता अरिन्दम बागचीलाई बिहीबार जी-२० सम्मेलनमा सहभागी हुन पुटिनको भारत भ्रमणबारे सोध्दा उनले सदस्य राष्ट्रका नेताहरु यहाँ आएर सहभागी हुनुपर्ने बताए । जी-२० सम्मेलन सेप्टेम्बर ढ-ज्ञण मा भारतमा हुनेछ। जी-२० सम्मेलनमा भारत नआउने विषयमा के छ छलफल ? अरिन्दम बागचीले भने कि भारतले सबै जी-२० सदस्य देशहरू, नौ अतिथि देशहरू र अन्तर ाष्ट्रिय संस्थाहरूलाई निमन्त्रणा पठाएको छ ।

उनले भने, "सदस्य देशहरू, अतिथि देशहरू र अन्तर्राष्ट्रिय संस्थाहरूले उनीहरूको आगमन पुष्टि गरेका छन्। तर यहाँ कुनै खास राष्ट्रका प्रमुखको भ्रमणबारे कुनै प्रतिक्रिया आएको छैन । बागचीले भने, "यसलाई त्यसरी हेर्नु पर्छ जस्तो लाग्दैन । हामी सेप्टेम्बरमा हुने शिखर सम्मेलनमा सबै देशका नेताहरूलाई स्वागत गर्न तत्पर छौं।" तर, रुसी समाचार एजेन्सी तासका अनुसार पुटिन जी-२० सम्मेलनका लागि भारत पुग्ने प्रश्नमा अहिलेसम्म कुनै निर्णय भएको छैन । राष्ट्रपति पुटिनले यस विषयमा अहिलेसम्म कुनै निर्णय नगरेको टासले लेखेका छन् । यससँग सम्बन्धित प्रश्नको जवाफमा क्रेमलिनका प्रवक्ता दिमित्री पेस्कोभले भने, "यस विषयमा अहिलेसम्म कुनै निर्णय भइसकेको छैन ।"

यद्यपि भारत अन्तर्राष्ट्रिय फौजदारी अदालतको सदस्य होइन। त्यसैले दक्षिण अफ्रिकामा हुने ब्रिक्स सम्मेलनमा पुटिनको अनुपस्थितिलाई भारतमा हुने जी-२० शिखर सम्मेलनमा पुटिनको उपस्थितिसँग जोड्न सकिँदैन । गत वर्ष इन्डोनेसियामा भएको जी-२० सम्मेलनमा रुसका तर्फबाट विदेशमन्त्री सर्गेई लाभरोभ सहभागी भएका थिए । सन् २०२० र २०२१ मा पनि पुटिनले भिडियो लिङ्कमार्फत जी-२० सम्मेलनमा भाग लिएका थिए । तर, २०१९ मा उनी यो सम्मेलनका लागि जापान पुगेका थिए ।

**आईसीसी वारेन्ट पुटिनको भ्रमणमा बाधा ?**

१७ मार्च २०२३ मा, अन्तर्राष्ट्रिय फौजदारी अदालत (आइसीसी ले युक्रेनमा कथित युद्ध अपराधको सम्बन्धमा रूसी राष्ट्रपति भ्लादिमिर पुटिनको गिरफ्तारीको लागि वारेन्ट जारी गर्‍यो। आईसीसीले पुटिनमाथि युक्रेनको रुसले कब्जा गरेको क्षेत्रबाट बालबालिकालाई अवैध रूपमा बाहिर निकालेको आरोप लगाएको छ ।

आईसीसीलेबालअधिकारकालागिरुसको आयोगकी प्रमुख मारिया लभोभा-बेलोभालाई पनि पक्राउ पुर्जी जारी गरेको छ। दक्षिण अफ्रिकाले रुस-युक्रेनमा तटस्थ अडान अपनाएको छ। तर यदि पुटिन आईसीसीको सदस्य भएर दक्षिण अफ्रिका गए भने उनले रुसी राष्ट्रपतिका लागि पक्राउ पुर्जी जारी गर्नुपर्ने हुनसक्छ । आइसीसीको मुख्यालय द हेग (नेदरल्याण्ड) मा छ। यो एक स्वतन्त्र न्यायिक निकाय हो, जसले १ जुलाई २००२ देखि काम गर्न थाल्यो। अन्तर्राष्ट्रिय अदालतले कुनै देशको मुद्दामा काम गर्छ, तर अन्तर ाष्ट्रिय समुदायका लागि खतरा हुने कुनै पनि व्यक्तिलाई आईसीसीले मुद्दा चलाउँछ ।

रुसले गत वर्ष फेब्रुअरीमा युक्रेनमा भएको आक्रमणका क्रममा भएको अत्याचारको आरोपलाई अस्वीकार गर्दै आईसीसीको निर्णयलाई कुनै महत्व नदिने बताएको थियो ।

यससँगै आईसीसीको अधिकार क्षेत्र जुलाई १, २००२ पछि भएका अपराधहरूमा सीमित छ। त्यो पनि आईसीसी सम्झौतामा हस्ताक्षर गरेका देशहरूमा। रुस आईसीसीको अख्तियारलाई मान्यता दिने १२३ देशहरूमा पर्दैन। अमेरिकाले पनि हस्ताक्षर गरेको छैन । भारत र चीनले पनि आईसीसीको अधिकार क्षेत्रलाई मान्यता दिँदैनन्।

**पुटिनको गिरफ्तारीको सम्भावना के छ ?**

पुटिन आईसीसीलाई मान्यता दिने देशमा गएपछि मात्रै पक्राउ गर्न सक्छन्। उनी दक्षिण अफ्रिकामा पक्राउ पर्न सक्छन् । तर केवल सिद्धान्तमा । आईसीसीले संयुक्त राष्ट्र सुरक्षा परिषद्का पाँच स्थायी सदस्य राष्ट्रमध्ये कुनै पनि राष्ट्र प्रमुखविरुद्ध वारेन्ट जारी गरेको यो पहिलो पटक हो । यसअघि सुडानका पूर्व राष्ट्रपति ओमार अल-बशीर र लिबियाका मुअम्मर गद्दाफी सत्तामा हुँदा उनीहरुविरुद्ध पक्राउ पुर्जी जारी गरिएको थियो । गद्दाफीलाई सत्ताबाट हटाएर मारिएपछि यो वारेन्ट खारेज गरिएको थियो।

सन् २००९ मा बशीरविरुद्ध मुद्दा दायर भएको थियो तर उनी २०१९ सम्म अध्यक्ष रहे र यस अवधिमा उनले आईसीसीका धेरै सदस्य राष्ट्रको भ्रमण पनि गरे । पदबाट हटाइएपछि सुडानमा उनीमाथि मुद्दा चलाइयो तर आइसीसीलाई कहिल्यै सुम्पिएन। आईसीसीले केन्याका विलियम रुटो र उरु केन्याटाविरुद्ध तर उनी अध्यक्ष बन्नुअघि नै आरोप लगाएको थियो। तर, पछि यी आरोपहरू हटाइएको थियो ।

## राखेपका सदस्यसचिव र मन्सुरीबीच भेट

काठमाण्डु । राष्ट्रिय खेलकुद परिषद् (राखेप) का सदस्य-सचिव टङ्कलाल घिसिङ र जर्मनीबाट नेपाल आउनुभएका जुडो प्रशिक्षक मोहम्मद मन्सुरीबीच शुक्रबार भेटघाट भएको छ ।

चीनको हाङझावमा हुने १९औं एशियाली खेलकुद प्रतियोगितामा सहभागी हुने जुडो खेलाडीलाई प्रशिक्षण दिन मन्सुरी दुई दिनअघि नेपाल आउनुभएको हो । उक्त भेटका अवसरमा सदस्य सचिव घिसिङले मन्सुरीसँग प्रशिक्षणको योजनालगायतका बारेमा जिज्ञासा राख्दै प्रशिक्षणमा परिषद्ले सक्दो सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो ।

इरानका पूर्वमुख्य प्रशिक्षक सातौँ डान मन्सुरीलाई अन्तर्राष्ट्रिय जुडो महासङ्घ (आइजेएफ)ले पठाएको नेपाल जुडो सङ्घका अध्यक्ष दीपकहर्ष बज्राचार्यले जानकारी दिनुभयो । "तत्कालका लागि उहाँ (मन्सुरी)लाई १९औं एशियाली खेलकुदको तयारीमा केन्द्रित गराउने छौं । थप कुरा एशियाली खेलकुदपछि हुनेछ", अध्यक्ष वज्राचार्यले भन्नुभयो ।

हाङझाव एसियाडका लागि जुडोबाट चार पुरुष र चार महिला गरी आठ खेलाडी प्रशिक्षणमा छन् । उनीहरूले नयाँबजारको खुसीबुस्थित बहुउद्देश्यीय मार्सल केन्द्र (एमएमएसी) मा दिनको दुई चरणमा प्रशिक्षण गरिरहेका छन् । रासस

## नेपालको एसिया कपको तयारी श्रीलंकामा, चार अभ्यास खेल खेल्ने




**टुडे समाचारदाता**

काठमाण्डु । नेपाली क्रिकेट टिमले एसिया कप २०२३ को तयारी श्रीलंकामा गर्ने भएको छ। नेपाल क्रिकेट संघ (क्यान) का अनुसार नेपाली टिमले १५ दिन श्रीलंकामा विशेष प्रशिक्षण गर्ने भएको हो ।

१५ दिनको बन्द प्रशिक्षणका दौरान नेपालले चार वटा अभ्यास खेल्नेछ। अभ्यास खेल श्रीलंकाका स्थानीय टिमसँग हुनेछ। एसिया कपको तयारीका लागि सहयोग गर्ने भएकोमा क्यानले श्रीलंका क्रिकेटलाई धन्यवाद दिएको छ । एसिया कपमा नेपाल समूह 'ए' मा छ। पहिलो पटक एसिया कप खेल्न लागेको नेपालको समूहमा भारत र पाकिस्तान छन्।

नेपालले समूहका दुई खेल दुई फरक फरक देशमा खेल्दैछ। नेपालले आफ्नो पहिलो खेलमा पाकिस्तानसँग खेल्नेछ। नेपाल र पाकिस्तानबीचको खेल १३ भदौमा पाकिस्तानको मुल्तानमा हुनेछ। नेपालले आफ्नो दोस्रो खेल भारतसँग भदौ १८ मा खेल्नेछ। यो खेल श्रीलंकामा हुनेछ।

यस्तै भारत र पाकिस्तान भदौ १६ मा श्रीलंकामा भिड्नेछन्। एसिया कपको आयोजक पाकिस्तान भए पनि भारतले पाकिस्तान भ्रमण गर्न अस्वीकार गरेपछि खेल पाकिस्तान र श्रीलंकामा हुनेछ । समूहमा शीर्ष दुई दुई टिम सुपर फोरमा पुग्नेछन्। सुपर फोरका शीर्ष दुई टिमबीच उपाधि भिडन्त हुनेछ। अर्को समूहमा बंगलादेश, अफगानिस्तान र श्रीलंका छन् ।

# इराकद्वारा स्विडेनका राजदूत निष्कासित



**एएनआई**

बग्दाद । स्वीडेनको राजधानी स्टकहोममा कुरान जलाइएको विरोधमा इराकले स्विडेनी राजदूतलाई निष्कासन गरेको छ । कुरान जलाइएको विरोधमा बिहीबार बग्दादमा विशाल प्रदर्शन भएको थियो ।

मध्य बगदादमा रहेको स्विडेनको दूतावासमा प्रदर्शनकारीहरूले आक्रमण गरी आगोसमेत लगाएका थिए। सामाजिक सञ्जाल सार्वजनिक भएका भिडियोमा स्विडेनको दूतावासभित्र प्रदर्शनकारीहरूको ठूलो भीड लागेको र त्यहाँबाट धुवाँको मुस्लो निस्किएको देखिएको थियो ।

दक्षिणी इराकको नासिरियामा रहेको अल जजिराका महमूद अब्देलवाहेदका अनुसार बिहीबार बिहानै दूतावासमा प्रदर्शनकारीहरूले प्रभावशाली इराकी शिया धार्मिक र राजनीतिक नेता मुक्तादा अल-सद्रलाई चित्रण गर्ने झण्डा फहराएका थिए । अल-सद्रका समर्थकहरूले बिहीबार स्टकहोममा इराकी दूतावास अगाडि कुरान जलाउने दोस्रो योजनाको विरोधमा दूतावास जलाउनआह्वान गरेका थिए ।

इराक सरकारले बिहीबार नै स्टकहोमबाट आफ्ना कूटनीतिज्ञलाई फिर्ता बोलाएको घोषणा गरेको थियो । प्रधानमन्त्री मोहम्मद शिया अलसुदानीले स्वीडेनबाट आफ्नो राष्ट्रका कार्यवाहक राजदूतलाई कुरान जलाएको विरोधमा फिर्ता बोलाएको तथा स्वीडेनको टेलिकम कर्पोरेशन एरिक्सनको इराकमा व्यवसाय सञ्चालन गर्ने अनुमति खारेज गरेको अल जजीराले जनाएको छ ।

यसैबीच, स्विडेनको विदेश मन्त्रालयले दूतावास घटनाको निन्दा गर्दै इराकी अधिकारीहरूलाई कूटनीतिक नियोग र कूटनीतिज्ञहरूको सुरक्षामा ध्यान दिन अनुरोध गरेको छ । साथै मन्त्रालयले बग्दादस्थित दूतावासका सबै कर्मचारीहरू सुरक्षित रहेका बताएको छ ।

साउदी अरबले पनि कुरानको अपमान भएकामा त्यसको निन्दा गर्दै रियादस्थित स्विडेनका कूटनीतिज्ञलाई विदेश मन्त्रालयमा बोलाएर विरोधपत्र हस्तान्तरण गरेको छ । मुसलमानहरूको पवित्र तीर्थ भएको मुसलमान बहुल खाडी राष्ट्रले अपमानजक गतिविधि रोक्नेतर्फ गम्भीर भएर लाग्न स्विडेन सरकारलाई अनुरोध गरेको छ ।

## कम्बोडियामा मदिरा बिक्री र सेवनमा प्रतिबन्ध

**सिन्ह्वा**

नोम पेन्ह । कम्बोडियाले पर्सी आइतबार हुने आमनिर्वाचनलाई दृष्टिगत गरी मदिरा बिक्री र सेवनमा प्रतिबन्ध लगाएको छ । सरकारले भोलि शनिबार र पर्सी आइतबार सबै प्रकारका मदिराको र सेवनमा प्रतिबन्ध लगाउने निर्देशन जारी गरेको छ ।

दक्षिणपूर्वी एसियाली देश कम्बोडियाका प्रधानमन्त्री सम्देच टेको हुनसेनले हस्ताक्षर गरी शुक्रबार जारी गरेको निर्देशनमा सामाजिक विकृति रोक्न तथा आमनिर्वाचन स्वतन्त्र एवम् निष्पक्ष वातावरणमा सम्पन्न गर्ने उद्देश्यले निषेधाज्ञा जारी गरिएको उल्लेख छ । "सबै कम्बोडियाली, विदेशी, व्यापारी र कम्बोडियाका बिक्रेताहरूलाई चुनावको एक दिन अघि र जुलाई २२ मा र निर्वाचनको दिन जुलाई २३ मा बिक्री र सेवनमा प्रतिबन्ध लगाइएको छ," निर्देशनमा भनिएको छ ।

राष्ट्रियसभाका एक सय २५ सिटका लागि आइतबार हुने निर्वाचनमा १८ राजनीतिक दलले प्रतिस्पर्धा गर्ने राष्ट्रिय निर्वाचन समितिले जनाएको छ । उक्त निर्वाचनमा ९७ लाखभन्दा बढी मतदाताले भाग लिनेछन् ।

पाँच वर्षअघि भएको पछिल्लो आम निर्वाचनमा हुनसेनको सत्तारुढ कम्बोडियन पिपल्स पार्टी (सिपिपी) ले राष्ट्रियसभाका सबै एक सय २५ सिट जितेको थियो ।

## फुटबल टोली मोरोक्को प्रस्थान

**टुडे समाचारदाता**

काठमाण्डु । आईएसएफ वर्ल्स स्कुल फुटबल च्याम्पियनसिपमा सहभागी हुन १७ खेलाडीसहित २१ सदस्यीय नेपाली टोली शुक्रबार मोरोक्को प्रस्थान गरेको छ। प्रतियोगिता जुलाइ २२ देखि ३१ तारिखसम्म मोरोक्कोको राबाटमा हुनेछ।




खेलाडीमा सक्षम भट्टराई, देवराज जर्घा मगर, अधिराज कार्की, श्रेयश शर्मा, आर्गेन तुलाधर, जेसिस कार्की, पर्वत चौलागाईं, कर्तब्य तामाङ, कृष्णबहादुर आले, किशोरकुमार दनुवार, एकराज विश्वकर्मा, येशराज विश्वकर्मा, स्वर्णिम श्रेष्ठ, दिलन लिम्बू, अनिश थापा मगर, निशान राणा र स्वयं थापा मगर रहेका छन् । रमेशबहादुर कटुवालको नेतृत्वमा जाने टोलीको व्यवस्थापकमा आशिषमान सिंह, प्रशिक्षकमा राजेश श्रेष्ठ र अफिसियलमा विवेक कटुवाल छन् । टोलीलाई सफलताको शुभकामना दिदै राष्ट्रिय खेलकुद परिषद्का सदस्य-सचिव टंकलाल घिसिङले शुक्रबारे एक कार्यक्रमबीच बिदाइ गरे।

सो अवसरमा अन्तर्राष्ट्रिय स्कुल स्पोर्ट महासंघका सदस्य समेत रहेका विद्यालय खेलकुद संघ नेपालका महासचिव राजकुमार कार्कीलगायतको उपस्थिति रहेको थियो।

## मानहानि मुद्दामा राहुल गान्धीलाई राहत

**एएनआई**

नयाँदिल्ली । सर्वोच्च अदालतले काङ्ग्रेस नेता राहुल गान्धीलाई मानहानि मुद्दामा दोषी ठहर गर्न अस्वीकार गरेको छ । यद्यपि उक्त अदालतले नेता गान्धीको पुनरावेदनमाथि अन्तिम निर्णय सुनाएको छैन ।



सर्वोच्च अदालतले शुक्रबार गुजरात उच्च न्यायालयको आदेशलाई चुनौती दिने काङ्ग्रेस नेता राहुल गान्धीको अपीलमा गुजरात सरकार र उजुरीकर्तालाई दश दिनभित्र जवाफ दिन सूचना जारी गरेको छ । न्यायाधीश बीआर गवईको संयोजकत्वको इजलासले त्यस्तो सूचना जारी गरेको हो । नेता गान्धीको पुनरावेदनमाथि यही साउन १९ गते सुनुवाइ हुनेछ ।

गुजरात उच्च न्यायालयलेआफ्नो आदेशमा आपराधिक मानहानि मुद्दामा नेता गान्धीकोसजायलाईरोक्नअस्वीकार गरेको थियो । उक्त अदालतले सुरत अदालतले गरेको निर्णयलाई नै सदर गरेको थियो । मोदी उपनामलाई लिएर नेता गान्धीले गरेको टिप्पणीबाट मानहानि भएको भन्दै सुरत अदालतले दुई वर्षको जेल सजाय सुनाएको थियो । अदालतको उक्त निर्णयसँगै नेता गान्धीको संसद् पद खारेज भएको छ । सुनुवाइका क्रममा न्यायमूर्ति गवईले आफ्नो बुबा र भाइको कांग्रेस पार्टीसँग सम्बन्ध रहेको भन्दै मुद्दाबाट अलग हुन प्रस्ताव गरेका थिए तर दुवै पक्षले न्यायमूर्ति गवईको सुनुवाइमा कुनै आपत्ति नभएको बताएका थिए ।

नेता गान्धीले सन् २०१९ को अप्रिलमा कर्णाटकको कालारमा भएको चुनावी सभामा विपक्षी दलको नेताका रुपमा प्रधानमन्त्री नरेन्द्र मोदीप्रति कटाक्ष गर्दै 'कसरी सबै चोर हरूको समान उपनाम मोदी हुन्छ?' प्रश्न गर्नुभएको थियो । उहाँको यो अभिव्यक्तिप्रति आपत्ति जनाउँदै गुजरातका पूर्वमन्त्री पूर्णेश मोदीले सुरत अदालतमा मुद्दा दायर गरेका थिए ।

## बङ्गलादेशमा डेङ्गुबाट एक सय पचपन्न जनाको मृत्यु



**सिन्ह्वा**

ढाका । बङ्गलादेशमा डेङ्गुबाट मृत्यु हुनेको संख्या एक सय ५५ पुगेको छ । बिहीबार थप नौ जनाको मृत्यु भएसँगै डेङ्गु ज्वरोबाट ज्यान गुमाउनेको संख्या एक सय ५५ पुगेको स्वास्थ्य सेवा महानिर्देशनालय जनाएको छ ।

स्वास्थ्य मन्त्रालयअन्तर्गतको डिजीएचएसले दिएको तथ्याङ्कअनुसार जुलाईको पहिलो २० दिनमा गत महिना पाँच हजार नौ सय ५६ जनामा लामखुट्टेको टोकाइबाट सर्ने रोगबाट सङ्क्रमित भएपछि देशभर डेङ्गुका १९ हजार पाँच सय ६९ सङ्क्रमित थपिएका छन् ।

महानिर्देशनालयका अनुसार बिहीबार बिहान एकै दिन राजधानी ढाकामा आठ सय ४५ सहित कुल एक हजार सात सय ५५ नयाँ बिरामी थपिएका छन् । यो वर्षको प्रारम्भदेखि अहिलेसम्म बिरामीको कुल सङ्ख्या २७ हजार पाँच सय ४७ पुगेको छ ।

महानिर्देशनालयले सर्वसाधारणलाई झुलभित्र सुत्नेलगायत आवश्यक सुरक्षाका उपाय अपनाउन आग्रह गर्दै लामखुट्टेको प्रजननस्थल पहिचान एवम् नष्ट गर्ने 'एन्टी लार्भा' अभियान सञ्चालन गरिएको बताएको छ ।

## अफगानिस्तानलाई छयत्तर लाख युरो सहयोग

**एएनआई**

काबुल । खाद्य असुरक्षा र आर्थिक सङ्कटको चपेटामा परेको अफगानिस्तानलाई युरोपेली सङ्घले ७६ लाख युरो मानवीय सहायता घोषणा गरेको छ ।

देशका छ वटा प्रदेशमा किसानलाई सहयोग, खाद्यान्न उत्पादन वृद्धि, सिँचाइविहीन जमिनको वैकल्पिक व्यवस्थापन, आयआर्जनका अवसरको स्थापना, जलवायु अनुकूलन कृषि अभ्यासलगायत महिला सशक्तीकरणमा खर्च हुने गरी उक्त सहायता प्रदान गरिएको खामा प्रेसले जनाएको छ । बदख्सान, डिकुन्डी, घोर, जज्जान, समङ्गन र तखारलगायत देशका छ वटा प्रान्तमा लागू सहायता कार्यक्रम ग्रामीण अफगानीहरूको खाद्य असुरक्षा सम्बोधनमा केन्द्रित हुने तथा त्यसले महिला, युवा र अपाङ्गता भएका परिवारलाई विशेष रूपमा सघाउने बताइएको छ ।



धनुषा लगायत मधेश प्रदेशका जिल्लाहरुमा पानी नपर्दा रोपिएको धान खेतमा धाँजा पर्न थालेको छ। धाँजा पर्दा यस पटक धान खेती कम हुने सम्भावना व्यक्त गरिदैछ। *तस्विर : टुडे*

# नेपाल र इयुबीच रु साढे १० अर्बको अनुदान सम्झौता

काठमाण्डु । दुईवटा छुट्टाछुट्टै कार्यक्रमका लागि नेपाल र युरोपेली युनियन (इयु) बीच रु साढे १० अर्बभन्दा बढीको अनुदान सम्झौता सम्पन्न भएको छ।

शुक्रबार अर्थमन्त्रालयमा आयोजित एक कार्यक्रमका बीच नेपालको शिक्षा र वातावरण क्षेत्रमा खर्च गर्ने गरी उक्त अनुदानसम्बन्धी सम्झौतापत्रमा हस्ताक्षर भएको हो । 'सबैका लागि गुणस्तरीय शिक्षा (क्वालिटी एजुकेसन फर अल) कार्यक्रम' र 'स्थानीयस्तरमा जलवायु परिवर्तन अनुकुलन (लोकल एडप्सन टु क्लाइमेट चेन्ज) कार्यक्रम' का लागि अनुदान सम्झौता भएको हो।

सबैका लागि गुणस्तरीय शिक्षा कार्यक्रमअन्तर्गत विद्यालय शिक्षा क्षेत्र योजना कार्यान्वनयका लागि पाउन्ड स्टर्लिङ पाँच करोड अर्थात् रु सात अर्ब ३८ करोड बराबरको अनुदान सम्झौता भएको छ भने लोकल एडप्टेसन फर क्लाइमेट चेञ्ज कार्यक्रमका लागि पाउन्ड स्टर्लिङ दुई करोड २० लाख अर्थात् रु तीन अर्ब २५ करोड बराबरको सम्झौता भएको हो ।

यी दुवै कार्यक्रमका लागि पाउन्ड स्टर्लिङ सात करोड २० लाख अर्थात् रु १० अर्ब ५३ करोड बराबरको अनुदान ईयुबाट नेपालले पाउनेछ । सरकारी तथा सामुदायिक विद्यालयमा शिक्षाको गुणस्तर बढाउनका लागि सबैका लागि गुणस्तरीय शिक्षा कार्यक्रममार्फत यो रकम खर्च गरिने अर्थसचिव अर्जुनप्रसाद पोखरेलले जानकारी दिनुभयो ।

"यो कार्यक्रमले सबैलाई गुणस्तरीय शिक्षामा पहुँच बढाएर मानव पुँजी विकासका लागि महत्वपूर्ण योगदान पुऱ्याउने अपेक्षा गरिएको छ", सम्झौतामा हस्ताक्षर गर्नुहुँदै अर्थसचिव पोखरेलले भन्नुभयो ।

त्यस्तै, सबै नेपाली नागरिकको शिक्षामा पहुँच बढाइ गुणस्तरीय सिकाइका क्षेत्रमा सहयोग गर्ने नीतिलाई निरन्तरता दिइने इयुले जनाइएको छ। "ईयुले नेपालको शिक्षा क्षेत्रमा २० वर्षदेखि सहयोग गर्दै आएको छ। गुणस्तरीय शिक्षा क्षेत्रमा थप लगानी गर्ने हाम्रो प्रतिबद्धता छ", ईयु कमिस्नर फर इनटरनेसनल पार्टनरसिप युट्टा आर्पिलाइनेनले भन्नुभयो। रासस

# बेरोजगार समस्या कम गर्दै प्रधानमन्त्री रोजगार कार्यक्रम

विराटनगर । विराटनगरमा सङ्घीयश्रम,रोजगारतथासामाजिक सुरक्षा मन्त्रालयअन्तर्गतको प्रधानमन्त्री रोजगार कार्यक्रमले बेरोजगार समस्या कम गर्न महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ।

कार्यक्रममा बढी महिला आबद्ध हुने गरेकाले पुरुषमाथिको परनिर्भता घट्दै गएको पाइन्छ । विसं २०७८ मा यस कार्यक्रममा आबद्ध हुन विराटनगर महानगरपालिकाअन्तर्गत १९ वटा वडामा आवेदन खुलाइएकामा ७६ पुरुष र दुई सय ४० महिला गरी कूल तीन सय १६ ले कामका लागि आवेदन दिएका थिए। तीमध्ये एक सय ३४ व्यक्ति छनौटमा परेका थिए।

छनौटमा परेकामध्ये वडा नं १ बाट एक, वडा नं ४ बाट पाँच, वडा नं ६ बाट ४५, वडा नं १० बाट आठ, वडा नं ११ बाट नौ, वडा नं १२ बाट तीन, वडा नं १३ बाट १९, वडा नं १६ बाट २४, वडा नं १७ बाट २० र वडा नं १९ बाट १० व्यक्तिले उक्त कार्यक्रमअन्तर्गत विकास निर्माणका काममा योगदान दिएका थिए।

छनौटमा परेकाले सय दिनसम्म नगरक्षेत्रभित्रका सम्बन्धित वडामा पैनी एवं नाला मर्मत, सडक निर्माण, वृक्षरोपण, खाल्डाखुल्डी पुर्ने, सरसफाइलगायत काम गरेका थिए । कार्यक्रममा आबद्धले सय दिन काम गरेबापत रु पाँच सय ७७का दरले ज्याला प्राप्त गरेका थिए । कार्यक्रममा सहभागी विराटनगर-१७ की काजल यादवले उक्त कार्यक्रम आफ्ना लागि वरदान साबित भएको बताउनुभयो। उहाँले रकम अभावमा घर खर्च चलाउन धौ-धौ परिरहेको बेलामा कार्यक्रममा सहभागी भई वडाको विकास निर्माणको काममा योगदान गर्न पाएको र रू५० हजारभन्दा बढी कमाएको बताउनुभयो।

यादवले भन्नुभयो, "उक्त कार्यक्रम पाँच वर्षका लागि मात्र हो भन्ने सुनेको छु तर यसले निरन्तरता पाउनुपर्छ । महङ्गीका कारण जीवन कष्टकर बन्दै गएको अवस्थामा कार्यक्रमले स्वरोजगार दिलाएको छ। मैले २०७९ पुस महिनादेखि नै काम गर्ने मौका पाएँ र सय दिन काम गरेर ५० हजारभन्दा बढी कमाएँ।"

विराटनगर-१६ का मुगलसदा मुसहरले आफूले कार्यक्रममा सहभागी भएर सरसफाइ, भवन निर्माण र वृक्षरोपणको काम गरेको बताउनुभयो । उहाँले एक सय दिनको कामलाई दोब्बर बनाएर जीवन निर्वाह गर्न सजिलो गराएको बताउनुभयो । मुसहरले भन्नुभयो, "यस कार्यक्रमले निम्न आय हुने व्यक्तिका लागि सहाराको काम गरेको छ। कार्यक्रमअन्तर्गत दिइने ज्याला बढाए महङ्गीसँग जुध्न सजिलो हुने थियो।"

कार्यक्रमकी रोजगार सहायक सरस्वती साहले यसकार्यक्रममा पुरुषभन्दा बढी महिला उत्सुक हुने गरेको बताउनुभयो । उहाँले कार्यक्रम विशेष गरी महिला, गरीब, पिछडा, सीमान्तकृत समुदायका व्यक्तिलाई लक्ष्य गरी ल्याइएको उल्लेख गर्नुभयो । रोजगार सहायक साहले कार्यक्रमले केही हदसम्म देशमा भयावह अवस्थामा रहेको बेरोजगार समस्या कम गराउन भूमिका निर्वाह गरेको छ भन्नुभयो। रासस

# शिथिल अर्थतन्त्रको उत्थानका लागि लचिलो मौद्रिक नीतिको प्रतिक्षा

काठमाण्डु । मुलुकको अर्थतन्त्रमा ८१ प्रतिशत योगदान गरिरहेको तथा देशमा ९० प्रतिशतको हाराहारीमा रोजगारी प्रदान गरिरहेको निजी क्षेत्र अहिले चरम आर्थिक मन्दीबाट गुज्रिरहेको छ। मागमा आएको अकल्पनीय कमीका कारण उद्योगहरूले आफ्ना उत्पादन घटाउनु परेको छ भने ती उत्पादन, वितरण र बिक्रीमा संलग्न लाखौं व्यावसायी तथा पेशाकर्मीहरूको आयमा त्यसले प्रत्यक्ष असर पारेको छ।

नेपाल राष्ट्र बैंककै अध्ययनले उद्योगहरूले ६० प्रतिशतसम्मले उत्पादन कटौति गर्नुपरेको देखाएको छ । यसले सरकारले सङ्कलन गर्ने राजस्वमा समेत नकारात्मक असर गरेको छ । केन्द्रीय तथ्याङ्क कार्यालयले जारी गरेको चालु वर्षको कुल ग्राहस्थ्य उत्पादन (जिडिपी) को अनुमानअनुसार अर्थतन्त्रका तीन मुख्य क्षेत्र उत्पादन, निर्माण र व्यापार क्षेत्रको वृद्धिदर दुई प्रतिशतभन्दा बढीले नकारात्मक हुने अवस्था छ । देशको अर्थतन्त्रको स्वास्थ्यको मापन गर्दा यी लक्षण शुभसङ्केत होइनन् । समग्र अर्थतन्त्रकै न्यून वृद्धिले पनि निजी क्षेत्र सहज अवस्थामा छ भन्ने देखाउँदैन।

अर्कोतर्फ निरन्तर बढ्दो ब्याजदरका कारण धेरै बचतकर्ताले बचत निक्षेपलाई मुद्दतिमा परिणत गर्दा कर्जाको ब्याजदर बढेको छ । यसले गर्दा अर्थतन्त्र चलायमान बनाउने निजी क्षेत्र अहिलेको चर्को ब्याजदरमा ऋण लिएर लगानी गर्न सक्ने अवस्थामा छैन। विगतको तथ्याङ्कले ब्याजदर न्यून हुँदा निजी क्षेत्रमा हुने कर्जा प्रवाह बढेको देखाउँछ।

आर्थिक वर्ष २०७७/७८ मा आठ प्रतिशतको हाराहारीमा ब्याजदर हुँदा त्यस्तो कर्जा प्रवाह २६ प्रतिशतले बढेको थियो भने यो वर्ष २०७९/८० मा ब्याजदर करिब १३ प्रतिशतसम्म पुग्दा कर्जा परिचालन तीन प्रतिशतले मात्र बिस्तार भएको छ । त्यसैगरी, निजी क्षेत्रमा कर्जा विस्तार हुँदा आर्थिक वृद्धिदरको अवस्था सकारात्मक देखिएको विगत खोज्न पनि धेरै टाढा जानु पर्दैन। कर्जाको ब्याजदरले लगानीको वृद्धि, व्यापार व्यवसायको विस्तारदेखि रोजगारी सिर्जना र आर्थिक वृद्धिदरमा सकारात्मक प्रभाव पार्छ भन्नेमा दुई मत छ भन्ने मलाई लाग्दैन । अहिले अर्थतन्त्रमा देखिएको शिथिलता र समग्र मागमा आएको कमीका कारण उद्योग तथा व्यवसाय सङ्कटमा छन् । कतिपयलाई त तत्कालै सहयोग गर्नुपर्ने आवश्यकतासमेत देखिएको छ । त्यसैले यस्तो अवस्थामा निजी क्षेत्रले आशा र भरोसाका साथ नेपाल राष्ट्र बैंकतर्फ हेरिरहेको छ, हेर्ने पनि त्यतै हो।

विशेष परिस्थितिमा त्यस्तै विशिष्ठ प्रकारको आशा राख्नु पनि अन्यथा होइन । यसै विशेष आशाका साथ नै निजी क्षेत्रका प्रतिनिधि संस्थाहरूले केन्द्रीय बैंकलाई संयुक्तरूपमा सुझाव पनि पेस गरिसकेका छन्। आफ्ना अप्ठ्यारा र तिनको समाधानका लागि राज्यले गर्नुपर्ने दायित्वका विषयलाई ती सुझावमा प्रकाश पारिएकै छ।

गएको एक दशक नेपाली अर्थतन्त्रका लागि ज्यादै चुनौतिपूर्ण र उतारचढावपूर्ण रह्यो । शक्तिशाली भूकम्प, नाकाबन्दी र कोरोनाभाइरस महामारीसँग जुध्दै उच्च आर्थिक वृद्धिको अपेक्षाका साथ अघि बढिरहेका बेलामा देखिएको अन्तर्राष्ट्रिय मन्दी, आपूर्ति श्रृङ्खलामा अवरोध र रुस-युक्रेन युद्धका कारण भएको चर्को मूल्यवृद्धिले अर्थतन्त्रलाई पुनः मन्दीतर्फ धकेलेको स्पष्टै छ । त्यस्तो सङ्कटको अवस्थामा केन्द्रीय बैंकले बैंकदर, नीतिगत दर, ब्याजदर तथा विभिन्न प्रकारका मौद्रिक उपकरणमार्फत निजीक्षेत्रको वृद्धि र विस्तारमा महत्वपूर्ण भूमिका खेलेको छ । कोभिडकालमा ठूलो मात्रामा व्यवसाय गुमाउन पुगेका पर्यटनलगायत क्षेत्रको उत्थानमा पनि राष्ट्र बैंकको भूमिकालाई निजी क्षेत्रले सराहना गरेकै हो।

त्यसैले अहिलेको अन्यौलको अवस्थामा मौद्रिक नीतिमार्फत राष्ट्र बैंकले बजारमा विश्वास बढाउने खालका नीतिहरू ल्याउनुपर्छ । हालका लागि अनिवार्य नगद अनुपात, बैंकदर र नीतिगत दर बजारको आवश्यकताअनुसार घटाउनु पर्छ भने जोखिमको आधारमा 'नेट लिक्विड एसेट्स'को व्यवस्थापन गर्नुपर्ने व्यवस्था गर्नुपर्छ। ठूलो मात्रामा बचत खाताको रकम मुद्दतिमा परिणत गरिएकाले अब मुद्दति



निक्षेपको समयावधिअनुसार ब्याजदर फरक हुनसक्ने व्यवस्था गर्नु उपयुक्त हुन्छ। त्यसमा पनि बचत निक्षेप र मुद्दति निक्षेपमा ब्याजदरको अन्तर पाँच प्रतिशत हुनुपर्ने व्यवस्था हटाउनुपर्छ । बजारको मनोबल कमजोर र मागमा उच्च गिरावट भएका बेलामा उच्च ब्याजदरका कारण कर्जा प्रवाहमा सङ्कुचन आएकाले 'डेब्ट इक्विटी' अनुपातमा कम्तीमा आगामी एक वर्षका लागि लचकता अपनाउनुपर्छ । कर्जा बिस्तारका लागि लचिलो मौद्रिक नीति निजी क्षेत्रको आफ्नो मात्र अजेण्डा होइन, समग्र बजारलाई चलायमान गराउन पनि मौद्रिक नीतिले लचिलो बन्नुपर्ने आवश्यकता रहन्छ।

आमजनतालाई ज्यादै प्रभावित गर्ने नीतिगत परिवर्तनमध्ये रेमिट्यान्स कम्पनीमार्फत् स्वदेशमा पैसा पठाउन नपाउने व्यवस्था हो । रेमिट्यान्स कम्पनीमार्फत् आन्तरिकरूपमा नगद पठाउने विगतको सीमा रु तीन लाखबाट घटाउँदै गएर रु २५ हजार गरिएको थियो तर अहिले कुनै पनि प्रकारको रकम पठाउन नपाउने व्यवस्था छ। यसले मजदुर, विद्यार्थीलगायत अनौपचारिक क्षेत्रमा काम गरिरहेका लाखौं मानिस प्रभावित भएका छन् । अझै पनि ग्रामीण क्षेत्रका धेरै स्थानमा इन्टरनेटको सहज पहुँच छैन र बैंकका शाखामा पनि सहज पहुँच पुग्न सकेको छैन । यस्तो अवस्थामा रेमिट्यान्स कम्पनीमार्फत् पैसा पठाउन रोक्नु भनेको निम्न वर्ग र दुर्गमका जनतालाई सास्ती थप्नु मात्र हो। यो सेवा बन्द गरिदिंदा रेमिट्यान्स कम्पनीका हजारौं आउटलेट बन्द भएका छन् । त्यसैले परिचय पत्रको आधारमा त्यस्ता कम्पनीमार्फत् कम्तीमा पनि रु एक लाखसम्म आन्तरिकरूपमा पठाउने व्यवस्था हुनुपर्छ।

कर्जा खातामा आर्थिक वर्षको कुनै एक समयमा व्यवसायको प्रकृतिअनुसार लगातार कम्तीमा सात दिन शून्य वक्यौता कायम गर्नुपर्ने व्यवस्था पनि व्यवहारिक छैन । त्यस्तो व्यवस्था हटाउनु पर्छ भन्ने निजी क्षेत्रको माग हो । त्यस्तै चालु पुँजी कर्जाका लागि दुई फरक खाताको आवश्यकता पर्ने गरी हाल गरिएको व्यवस्था पनि अव्यवहारिक छ। यस्तो कर्जाका लागि एक वर्षको कारोबारलाई मात्र आधार मान्दा चालु पुँजीको यथार्थ आँकलन हुन नसक्ने भएकाले अघिल्लो चार आर्थिक वर्षको कारोबारलाई आधार मानी धेरै कारोबार हुने वर्षको आधारमा गणना गर्नुपर्छ।

यसका साथै उत्पादमूलक उद्योगले वर्षको दुई उत्पादन चक्रसमेत पूरा गर्न मुश्किल परिरहेको अवस्थामा चालु पुँजी कर्जाको २५ प्रतिशतको सीमालाई बढाउनु पर्छ । उत्पादनमूलक उद्योग र व्यापारका लागि कर्जाको मापदण्ड फरक हुनुपर्छ र यो व्यवस्था चालु पुँजी कर्जामा पनि लागू गर्नुपर्छ। स्थायी प्रकृतिको चालुपुँजी कर्जाको व्यवस्था गर्नुपर्छ। हालको विषम परिस्थितिमा उद्योग व्यवसाय बन्द गर्नु परेमा साँवा ब्याजको किस्ता तिर्ने प्रतिवद्धता व्यक्त गरेका उद्योगलाई बन्द गर्न दिइ सहज कर्जा राफसाफको व्यवस्था गर्नुपर्छ।

नेपाल उद्योग वाणिज्य महासङ्घले नेपाल राष्ट्र बैंकलाई दिएको सुझावअनुसार साना तथा मझौला उद्योगलाई परियोजना कर्जा दिने व्यवस्था गर्नुपर्छ । निजी क्षेत्र र विज्ञहरूले समेत लामो समयदेखि माग गर्दै आए पनि 'स्टार्टअप' तथा साना एवम् मझौला उद्यमको वृद्धिमा महत्वपूर्ण भूमिका निर्वाह गर्न सक्ने यो व्यवस्था लागु गर्न अब ढिला गर्नुहुँदैन भन्ने हाम्रो सुझाव हो । त्यस्ता उद्यमलाई दिइने कर्जाको सीमा पनि बढाएर कम्तीमा रु पाँच करोड बनाउनुपर्छ। ब्याजदरमा विशेष सहुलियतमार्फत उत्पादनमूलक उद्योगलाई प्रोत्साहन गर्ने नीति लिनुपर्छ भन्ने त हाम्रो विगतदेखिकै माग हो। त्यसैगरी हामीहरूले कर्जाको ब्याजदरमा लिइने प्रिमियममा पनि न्यून हुनुपर्छ भनेर भनिरहेका छौं।

यसबाहेक प्राथमिकता प्राप्त क्षेत्र, उत्पादनमूलक, साना तथा मझौला एवम् निर्यातमूलक उद्योग, पर्यटन पूर्वाधार, केवलकार, महिला उद्यमीले सञ्चालन गरेका व्यवसायलगायतका क्षेत्रमा पुनः कर्जाको व्यवस्था गर्नुपर्छ भन्ने निजी क्षेत्रको माग रही आएको छ।

हामीले अहिले कुरा गरिरहेको यो अवस्था अर्थात समय सामान्य समय होइन भन्ने कुरा त सबैलाई विदितै छ। त्यसैले यस्तो विशिष्ठ परिस्थितिका बेलामा परम्परा धान्ने मात्र भन्दा पनि समयलाई सम्बोधन गर्न सक्ने खालको नविनतम् मार्ग नेपाल राष्ट्र बैंकले प्रशस्त गर्न सकोस् भन्ने निजी क्षेत्रको चाहना हो। समय सापेक्ष यस्तो नीतिले नै समयले निर्माण गर्न पुगेको जटिल अवस्थालाई चिर्न सक्छ भन्ने हाम्रो आँकलन छ।

नरम मौद्रिक नीतिले नै निजीक्षेत्रका लागि वृद्धि र विस्तारको मार्ग प्रशस्त गर्नुका साथै सङ्कटको डिलमा उभिएको देशको अर्थतन्त्रलाई लड्नबाट बचाउन सक्ने अपेक्षा हाम्रो छ । मलाई लाग्छ नेपाल राष्ट्र बैंकले हाल मस्यौदा गरिरहेको मौद्रिक नीति यस्तै समय सापेक्ष एवम् पहिचान भइसकेका समस्याहरूको सम्बोधन र निदान गर्न सक्ने पक्षमा आउनेछ भन्ने प्रतिक्षामा हामी समग्र निजी क्षेत्र छौं र मुलुकको अर्थ व्यवस्था पनि छ। रासस

# श्रमसम्बन्धी फैसला संग्रह सार्वजनिक



काठमाण्डु । श्रमसम्बन्धी केही महत्वपूर्ण फैसलाको सङ्ग्रह २०८०' नामक पुस्तक सार्वजनिक गरिएको छ। सर्वोच्च अदालतमा शुक्रबार आयोजित कार्यक्रममा प्रधानन्यायाधीश हरिकृष्ण कार्कीले उक्त पुस्तक सार्वजनिक गर्दै श्रमसँगसम्बन्धी फैसला प्रकाशनका रूपमा आउनु महत्वपूर्ण भएको बताउनुभयो । उहाँले श्रमसँग सम्बन्धित नजिरलाई समेटेर पुस्तक प्रकाशन भएकाले न्यायालय र न्यायसँग सम्बन्धित व्यक्तिलाई यो पुस्तकले मार्गदर्शन प्रदान गर्नेमा विश्वास व्यक्त गर्नुभयो । श्रमसम्बन्धी विधिशास्त्रको कार्यान्वयन र श्रम कानुनको विकासमा सङ्ग्रहले योगदान पुऱ्याउने उहाँको भनाइ छ।

श्रम अदालतका अध्यक्ष वासुदेव आचार्यले श्रमसँग सम्बन्धित कानुन र अदालतबाट भएका फैसलासम्बन्धी खोज र अध्ययन गर्न सहज होस भन्ने उद्देश्यले पुस्तक प्रकाशन गरेको बताउनुभयो। उहाँले बिदामा नबसी अहोरात्र खटेर काम गरेको जानकारी दिनुभयो। पछिल्लो समय श्रम अदालतमा मुद्दाको सङ्ख्या बढदै गएको उहाँको भनाइ छ।

श्रम अदालतका न्यायाधीश निशा बानियाँले सर्वोच्च अदालत र श्रम अदालतले गरेका महत्वपूर्ण ५० वटा फैसलाको सङ्ग्रह पहिलो पटक प्रकाशन गरेको बताउनुभयो । श्रम अदालत २०५२ सालमा एक न्यायाधीशले मुद्दा हेर्ने गरी र २०७७ सालदेखि तीन सदस्य न्यायाधीशबाट मुद्दाको सुनुवाइ भइरहेको छ। रासस

# नेपाल र चीनबीच कृषि सीप आदान-प्रदान हुने

काठमाण्डु। नेपाल र चीनबीच कृषिसँग सम्बन्धित प्रविधि विकास तथा सीपको आदान-प्रदान गर्ने समझदारी भएको छ। नेपाल कृषि अनुसन्धान परिषद् (नार्क) र चीनको सिचुवान एकेडमी अफ एग्रिकल्चर साइन्स (सास)का बीचमा बिहीबार सहमति भएको हो।



नार्कका कार्यकारी निर्देशक डा ध्रुवराज भट्टराई र सासका उपाध्यक्ष डा लेओ योङहङबीच प्रविधि विकास र सीप आदान-प्रदान गर्न समझदारी भएको हो। दुई देशका कृषक एवं कृषिको विकासका लागि विकास गरिएका प्रविधि प्रदर्शन, हस्तानान्तरण तथा प्रवर्द्धन गरिने छ।

यही सम्बन्धमा खुमलटार स्थित नार्कको केन्द्रीय कार्यायलमा नार्क र सासको उच्चस्तरीय प्रतिनिधिमण्डलका बीचमा भेटघाट एवं छलफल भएको नार्कका कार्यकारी निर्देशक डा भट्टराईले जानकारी दिनुभयो । "एकअर्काको अनुसन्धानका बारेमा बुझ्दै कृषि क्षेत्रको विकासबारे छलफल गरेर गुणस्तरीय उत्पादन बढाउँदै जाने विषयमा समझदारी भएको छ", उहाँले भन्नुभयो।

सोही क्रममा सासका उपाध्यक्ष डा लेओले नेपाली अनुसन्धानकर्ता र प्राविधिकलाई उच्चस्तरीय कृषि प्रविधि सम्बन्धि तालिम प्रदान गर्न सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । नेपाली अनुसन्धानकर्तालाई चाँडै नै चीन लगेर मकै र सखरखण्डको उत्पादनका साथै प्रविधिको बारेमा तालिम दिइने उहाँले बताउनुभयो । सासका उपाध्यक्ष डा लेओको नेतृत्वमा टोली तीनदिने नेपाल भ्रमणमा आएको छ। रासस


## भूमिसुधार तथा मालपोत कार्यालय धनुषाको
## हकदावी सम्बन्धि ३५ दिने सार्वजनिक सूचना

यसमा जिल्ला धनुषा, साविक औरही गा.वि.स. वार्ड नं ६ हाल औरही गा.पा. वडा नं ६ मा बस्ने जिबदार राउतको छोरी राजेन्द्र यादवको श्रीमती फेकनी देवी यादबले मेरो बुवा जिबदार राउतको आफ्नो कालगतीले मृत्यु भै हकखाने आमा मनरुप देवी यादवनीको पनि मृत्यु भै हकखाने छोराको जायजन्म नभएको र मेरो बुवा जिबदार राउतको नाउँमा रहेको तपसिलमा उल्लेखित जग्गाको हकखाने हकदार म वाहेक अन्य कोही नभएकोले म निवेदीका एक मात्र छोरी फेकनी देवी यादवमात्र रहेकोमा मेरो नाउँमा एकलौटी नामसारी गरी पाउँ भनि माग निवेदन भएको र सोही अनुसार को जनकपुरधाम उप-महानगरपालिका १७ नं वडा कार्यालय जनकपुरधाम धनुषाको च.न.१३१५ मिति २०८०/०१/१० गतेको वडा मुचुल्का सहितको सिफारिस भै आएको र सोही अनुसारको सनाखत भएको।

यसमा जग्गा धनी मृत्यु पश्चात हकखाने यि निवेदीका वाहेक अन्य कोही हकखाने हकदार भएको भए वा कोही कसैलाई कुनै किसिमको असर फरक पर्ने वा यि निवेदकको नाउँमा जग्गा नामसारी हुन नपर्ने कुनै कारण भए यो सूचना प्रकाशित भएको मितिले ३५ पैतिस दिन भित्र आफुसँग भएको सवुत प्रमाण लिई दावि उजुरि गर्न यस कार्यालयमा आउनु होला म्याद भित्र दावि उजुरी नपरी म्याद समाप्त भए पछी कानुन वमोजिम मु.दे.स.२०७४ को परिछेद ११को दाफा २३९(१) वमोजिम भई जाने व्यहोरा सवैमा यसै सूचना द्वारा सुचित गरिएको छ।

तपसिल

| जिल्ला | गा.वि.स | वाड नं | सिट.नं. | कि.नं. | क्षे.फ. | कै. |
|---|---|---|---|---|---|---|
| धनुषा | कनकपट्टी | ५ | ५ | २८३ | ०-५-१२-२ | |
| धनुषा | कनकपट्टी | ५ | ५ | २८५ | ०-२-१७-० | |

# डिएसी र इन्सपेक्टरलाई निलम्वन गर्न माग

**सिकेन्द्र पासवान**

बारा । नेपाली कांग्रेसका जिल्ला सचिव भैयाराम यादव र नेकपा एसका जिल्ला उपसचिव ध्रुव यादवलाई प्रहरीले गरेको कुटपिटको विरोधमा जारी तेस्रो दिनको आन्दोलनमा जनमत, नागरिक उन्मुक्ति पार्टीले एक्यबद्धता जाहेर गरेका छन् ।

नेपाली कांग्रेस र नेकपा एसका सहभागीहरुले दुई दिनदेखि विरोध गर्दै आएको भए पनि शुक्रबारदेखि जनमत पार्टी, नागरिक उनमुक्ति पार्टी पनि साथ दिएको नेपाली कांग्रेसका जिल्ला सचिव राजेश रौनियारले जानकारी दिए ।



र ा म ज ा न क ी मन्दिरबाट निकालिएको विरोध र्‍याली नगरको विभिन्न भागमा परिक्रमा गर्दै प्रहरी प्रशासनको विरोधमा चर्का नारावाजीसमेत गरिएको थियो ।

कानुनी राज्यमा प्रहरीले मुस्कानसहितको सेवा दिनुपर्ने ठाउँमा नागरिकको बोल्न पाउने अधिकारको कुण्ठित गर्दै कुटपिट गर्नु मानव अधिकारको ठाडो उल्लंघन भएको नेपाली कांग्रेस कलैया उपमहानगरपालिकाका सचिव मुकेश यादवको कथन छ।

डिएसी पुरुषोतम सिंह पाण्डेय र प्रहरी निरीक्षक रुपेश साहसहित घटनामा संलग्न दोषी प्रहरीलाई निलम्वन नगरेसम्म आन्दोलन जारी रहने नेपाली कांग्रेस बाराका उपसभापति मनोज भट्टले बताए। आन्दोलनकारीहरुले कलैयाकोमुख्य चोक भरत चोकमा टायर बाली प्रदर्शन गर्दै केहीबेर सडकमा बसी सडक जाम गरेका थिए।

यता प्रहरी उपरीक्षक होमिन्द्र बोगटीले नेपाली कांग्रेसका सचिव भैयाराम यादवलाई कुटपिट गरेको विषय दुखद भएको बताउँदै कारबाही स्वरुप डिएसपी पाण्डेय र प्रहरी निरीक्षक साहलाई मधेश प्रदेश प्रहरी कार्यालयमा पठाइएको जनाइएको छ ।उनका अनुसार घटनाको विषयमा थप अनुसन्धानका लागि मधेश प्रदेश प्रहरी कार्यालयबाट छानबिन समिति बनाइ सत्यतथ्य पता लगाइ सोही प्रतिवेदनको आधारमा कारबाही प्रक्रिया अगाडि बढाइने बताए ।

प्रहरी निरीक्षक साहलाई ओखलढुंगा प्रहरी कार्यालयमा मधेश प्रदेश प्रहरी कार्यालयले पठाउने तयारी गरेको बुझिएको छ ।

# निरन्तर तल झर्दै पानीको मुहान

ब्लग :



**श्यामसुन्दर शशि**

नेपाली नागरिकलाई नक्कली भुटानी बनाएर अमेरिका पठाउने, ललिता निवास जग्गा बिक्री वितरण तथा एक क्वीन्टल सुन तस्करी अचेल नेपाली मिडियाको प्रमुख खबर बनेको छ। यता, तराई मधेशका किसान सुख्खाको मार खेप्दै छन् । चापाकलहरु सुक्नथालेपछि खानेपानीको अभाव झेल्दै छन् । भगवान भरोसे कृषि कर्म गर्दै आएका अन्नदाताहरु इनरदेवसंग याचना गर्दै छन्- पानी दियौं इनरदेव । माथि एक सय करोड मूल्य बराबरको एक क्वीन्टल सुन त्रिभुवन अन्तर्राष्ट्रिय विमान स्थलबाट नेपाल भित्रिन्छ तल एक सय भन्दा अधिक मूल्य बराबरको तरकारी र अनाज नेपाल ल्याउँदा भंसार बुझाउनुपर्ने नियम लगाइएको छ । खानेपानीको मुख्य स्रोत चापाकल सुक्दै छन् । तर दुर्भाग्य यो समाचारको विषय बन्न सकेको छैन । जनता हैरान छन् । परेसान छन् ।

असार १५ गते धुमधामका साथ धान रोपाइँ दिवस मनाइयो । मन्त्री जन्त्रीदेखि जनप्रतिनिधिहरु सहभागी भए । देशी विदेशी पाहुनाहरु पनि रमाए । फोटो खिचाए । भिडियो बनाए । च्यूरा,दही र आँपको भोज पनि खाए । सबै घर फर्के । आफ्नो दैनिकीमा मस्त भए । यसरी हिलो माटोमा रमाएका ती महानुभावहरुलाई थाहा छ कि छैन- श्रावणको पहिलो सातासम्म धनुषामा २० प्रतिशत खेतमा मात्र धान रोपाइँ हुन सकेको छ । जेनतेन प्रकारणेन रोपिएको खेतको धान पनि सुक्नथालेको छ । श्रम तथा पुँजी दुबै जोखिममा छ ।

कमला नदीको पानीले भारतमा सिँचाइ हुँदै छ तर नेपालको नहरमा पानी छैन । सिंचित भनिएका पूर्वी धनुषा र पश्चिमी सिरहाका किसानहरु पनि सुख्खाको मारमा छन् । श्रावणमा पनि चापाकलमा पानी आउँदैनन् । खानेपानीको अभाव हुन थालेको छ । भू-जलबाट खानेपानीको जोहो गर्ने कि खेतमा सिँचाइ गर्ने ? यक्ष प्रश्न बनेर खडा भएको छ । पढ्दा र सुन्दा सामान्य लाग्ने यो विषयको गाम्भीरता सहजै बुझ्न सकिन्न । जमिनमुनिको पानीको सतह अर्थात् वाटर लेभल यसै प्रकार तल झर्दै जाने हो भन्ने आगामी केही दशकमै तराई-मधेश मरुभूमि बन्ने वातावरणविदहरुले भन्न थालेका छन् । तराई-मधेश मरुभूमि बनेपछि हिमाली क्षेत्रमा जम्मा भएको वर्फ पनि पग्लिने छ । अर्को शब्दमा भनौ भने चुरेको विनास लीला रोकिएन भने सिंगै मुलुक मरुभूमि बन्ने छ ।



नेपाल दुनियाकै दोश्रो ठूलो जल सम्पदा भएको मुलुक हो । जलको अथाह भण्डार भएको मुलुकमा खानेपानीको अभाव हुनु अथवा सिँचाइको लागि पानी अपुग हुनुमा प्रकृतिलाई दोष दिन्न सकिन्न । दोष हाम्रा नीति निर्माताहरुकै हो । जसले चुरेको महत्व बुझ्न सकेनन् । जसले भू-जलको संरक्षण सम्बर्द्धन गर्न जानेनन् । मधेशमा खानेपानीको अभाव हुन सक्छ भन्ने अटकलसम्म गर्न सकेनन् । मुलुक संघीय संरचनामा गएको छ । तीन तहको सरकार छ । तीनै तहका सरकारसंग पर्याप्त बजेट छ अनि नीति नियम बनाउने अधिकार पनि छ । तर कुनै तहका सरकार वातावरण संरक्षणलाई प्राथमिकतामा राख्न सकेनन् । भू-जल संरक्षण सम्बन्धी विषयको गम्भीर्यता बुझ्न सकेनन् ।

खानेपानीको अभावमा अनेकौ समृद्ध सभ्यता नष्ट नभएको इतिहास वर्णित सत्य हो । खानेपानीको स्रोत नजिक सभ्यताहरुको विकास भएको पनि हामीले पढेकै हौं । अचेल मधेशमा खानेपानीको चरम अभाव हुन थालेको छ । कमला,जलाद,विग्ही आदि नदी सुक्न थालेका छन् । पानी नपर्दा नदी नाला सुक्नु स्वाभाविक मान्न सकिन्छ । तर धरतीमुनिको पानी सुक्नु भनेको अनिष्टको लक्षण हो । मरुभूमिकरणको संकेत हो । अब ढिला नगरी तीनै तहका सरकारले चुरे संरक्षण अभियानलाई अगाडि बढाउनु पर्दछ । चुरेलाई जोगाएर यस क्षेत्रको इकोसिस्टमलाई पुर्नस्थापित गर्न सकियो भने तराई-मधेशका खोलामा पहिले जस्तै बाह्रै महिना पानी हुने छ । भू-जलको अभाव हुने छैन अनि कृषि कर्मका लागि भगवान भरोसे बस्नु पर्दैन । पछि भू-जलको प्रयोग सक्नथालेको विषय हाम्रा सरोकारबालाहरुलाई थाहा छ कि छैन ?

# साहको मृत्युपछि अस्पताल अगाडि प्रदर्शन

**टुडे समाचारदाता**

जनकपुरधाम । उपचारको क्रममा मृत्यु भएपछि जनकपुरधाम उपमहानगरपालिकाको सुरक्षा अस्पताल अगाडि प्रदर्शन गरिएको छ ।

पाठेघर शल्यक्रियाको लागि पुगेकी ती महिलाको शुक्रबार मृत्यु भएपछि प्रदर्शन गरिएको छ ।

जनकपुरधाम उपमहानगरपालिका-१५ कपलेश्वरकी २६ वर्षीया सोनिया साहको उपचारको क्रममा मृत्यु भएको थियो ।



उनको परिवारजनले चिकित्सकको लापरबाहीले मृत्यु भएको भन्दै अस्पताल अगाडि शव राखेर प्रदर्शन गरेका थिए ।

परिवारजनले शव नबुझेर अस्पताल विरुद्ध प्रदर्शन गर्दै छानबिन गर्न माग गरेका छन् । अस्पतालमा तालाबन्दी गरी मुचुल्का उठाइ छानबिन गर्नुपर्ने उनीहरुको माग छ ।

केही समय अस्पतालको अवस्था तनावग्रस्त बनेको थियो । अस्पताल प्रशासनदेखि चिकित्सकहरु पनि अस्पतालमा छैनन् । मृतक साह गत बुधबार अस्पताल भर्ना भएकी थिइन् । धनुषाका प्रहरी नायव उपरीक्षक वेदप्रसाद गौतमले भीडलाई शान्त बनाइएको र दुबै पक्षलाई राखेर वार्ताको माध्यमबाट निकास दिइने उनले बताए ।

# खानेपानीको हाहाकार

**बखतियार अलि**

मलंगवा । प्रचण्ड गर्मीका कारण पानीको स्रोतहरु सुकेपछि विगत केही दिनदेखि सर्लाही जिल्लामा खानेपानीको हाहाकार मच्चिएको छ।

जिल्लाको पूर्वी क्षेत्र पर्सा गाउँपालिकादेखि पश्चिम बागमती किनारको बलरा नगरपालिकासम्मका क्षेत्रमा नदी नाला, कुवा, ईनार, चापाकलहरु सुकिरहेको अवस्था छ ।

अहिले धानको रोपाइँ चलिरहेकोले नदी,नाला ,पोखरी,तलाउ र नहरमा पानी सुकिसकेकोले केही हेक्टर क्षेत्रफलमा मात्र रोपाइँ सम्पन्न भएको छ।

खानेपानीको चरम अभावले गर्दा आमजन समुदायमा त्राहिमामको अवस्था छ । यस्तो विकराल अवस्थामा संघ सरकार, प्रदेश सरकार र स्थानीय सरकार कुनै ठोस कदम नचालिनु दूर्भाग्यपूर्ण देखिन्छ । यस्तो विकराल अवस्थामा सरकारले सर्लाही जिल्लालाई सुख्खा क्षेत्र घोषणा गरिदिनु परपर्ने जिल्ला समन्वय समिति सर्लाहीका सभापति कौशल किशोर सिंहले माग गरेका छन्।

समयमै यसको विकल्प स्वरुप खानेपानीको लागि डिप बोरिंग र सिँचाइको लागि ठूला-ठूला नदीको डाइभर्जनलगायतका बैकल्पिक काम अविलम्ब सुचारु गरिएन भने मधेश प्रदेश छिट्टै मरुभूमिमा परिणत हुन बेर लागदैन ।

मधेशभरि देखिएको सुखापन, गर्मी र खानेपानीको समस्या दिन प्रतिदिन बढ्दै गर्दा जनजीवन अस्तव्यस्त बन्दै गइरहेको छ ।

यस्को एउटा मात्र उपाय खाली, अर्ती पर्ती, नदी नालाको किनारालगायत जस्ता ठाउँमा वृक्षरोपण गर्नुपर्ने वातावरणविदहरुको कथन छ ।

मलंगवाका अधिकांश घरधुरीले पानीको समस्या भोगिरहेका छन् । जमिनमा पानीको स्तर घटेर मोटरलेसमेत नतान्ने अवस्था भएको कारण शहरी क्षेत्रका स्थानीय समस्यामा परेका छन् ।



पानी परेपछि मात्र यसको समाधान हुने जानकारहरूको भनाइ छ । "जमिन मुनि हुने पानीको लेबल बढीमा २८/२९ फिट हुनुपर्छ । सतह मुनिको पानीको लेबल घटेर अहिले ३१ फिटमा झरिसकेको छ । यसबाट गर्मीले जमिन सुक्यो भनेर बुझ्न सकिन्छ ।

जिल्लाका पूर्वमा रहेका पर्सा गाउँपालिकासहित पश्चिममा रहेका गोडैता नगरपालिका र सदरमुकाम मलंगवासहित आधा दर्जन पालिकाहरूमा चापाकल पूर्णरूपमा सुखे पछि पानीको समस्या भयावह बन्दै गएको छ ।

मलंगवामा सरकारी धारा जडान नगर्ने ग्राहक पनि अहिले धारा जडानका लागि धाइरहेको खानेपानी कार्यालय मलंगवाले बताए ।

धारा जडानका लागि दैनिक एक दर्जन हाराहारीमा निवेदन आउने गरेको कार्यालयले जनाएको छ ।

चुरे विनास,गाउघरमा बढ्दै गएको सडक तथा घर आसपासका चौतारासमेतको ढलानको क्रम बढनु ,रुखहरु मासिदै जानुलगायतको कारणले पनि पानिको समस्या उत्पन्न भएको बताइन्छ ।

मलंगवाका अधिकांश घरधुरीले पानीको समस्या भोगिरहेका छन् ।

# महानगरपालिकामा खानेपानीको अभाव

**टुडे समाचारदाता**

वीरगञ्ज । वीरगञ्ज महानगरपालिकामा ९० प्रतिशतभन्दा बढी खानेपानीको चापाकल धारा सुकेपछि हजारौं परिवार प्रभावित भएका छन् ।



महानगरपालिकाको बजार क्षेत्रसँगै ग्रामीण क्षेत्रहरूमा पनि चापाकल धारा सुकेर खानेपानीको अभाव भएसँगै अहिले वीरगञ्ज महानगरपालिका सहित आसपासका स्थानीय पालिकाहरूले वीरगञ्जमा ट्याङ्करमार्फत खानेपानी वितरण गरिरहेका छन् ।

लामो समयदेखिको खडेरी र वर्षायाममा समेत पानी पर्न नसकेपछि अहिले वीरगञ्जमा खानेपानी संस्थानको धारा जडान नभएका घरहरूमा खानेपानीको अभाव भएको महानगरपालिकाले जनाएको छ ।

हजारौं परिवार खानेपानीको अभावको कारण प्रभावित भएसंगै वीरगञ्जमा जथाभावी डिप बोरिङ गाड्ने क्रम बढेपछि महानगरपालिकाले अनाधिकृत रुपमा डिप बोरिङ नगाड्न सूचना जारी गरेको छ ।

वीरगञ्ज महानगरपालिकाले आज एक सूचना जारी गर्दै नगर क्षेत्रमा अनुमति बिना जथाभाबी डिप बोरिङ गाड्ने कार्य भइरहेको प्रति महानगरको गम्भीर ध्यानाकर्षण भएको बताउँदै इजाजत नलिइ अनाधिकृत रुपमा डिप बोरिङ गाड्ने व्यक्तिलाई कारबाही गर्ने चेतावनी दिएको छ ।

पछिल्लो समय खानेपानीको अभाव भन्दै प्राविधिकहरूको सल्लाह बिना जथाभावी अनाधिकृत रुपमा डिप बोरिङ गाडिएपछि विगतमा पानी आएका धारा समेत सुकेका छन् । जथाभाबी डिप बोरिङ गर्दा थप समस्या उत्पन्न भएको भन्दै महानगरले स्वीकृति लिएर मात्रै डिप बोरिङ गर्न आग्रह गरेको छ ।

खानेपानीको अभाव भएसंगै वीरगञ्ज महानगरसहित विभिन्न संघ संस्थाहरूले नगरका ३२ वडाका विभिन्न स्थानहरूमा डिप बोरिङ जडान गरेका छन् ।

वीरगञ्ज महानगरपालिकासँग कुनै अनुमति वा पूर्व स्वीकृत नलिइ जथाभावी डिप बोरिङ जडान भएको पाइएको हुँदा सो कार्य तत्काल बन्द गर्न र अनुमति लिएर मात्र जडान गर्न महानगरपालिकाले आग्रह गरेको छ ।

अनुमति बिना जथाभावी रुपमा डिप बोरिङ जडान गरेको पाइएमा त्यस्तो कार्य गर्ने र गराउने दुबैलाई महानगरपालिकाले कारबाही गर्ने चेतावनी समेत दिइएको छ ।

# 'मुस्लिम आयोग खारेज हुनुपर्छ'




**टुडे समाचारदाता**

काठमाण्डु । राष्ट्रिय एकता अभियानले 'मुस्लिम आयोग खारेज गर वा हिन्दू, बौद्ध, किंरात लगायत अन्य धार्मिक आयोग गठन गर' विषयक अन्तरक्रिया कार्यक्रम सम्पन्न गरेको छ ।

शुक्रबार काठमाण्डुमा आयोजना गरेको अन्तरक्रिया कार्यक्रममा वक्ताहरुले कुनै एक धर्म विशेषको नाममा सरकारले आयोग गठन गर्नु दुःखद रहेको बताउँदै त्यो आयोग खारेज हुनुपर्ने वा अन्य धार्मिक आयोगहरु पनि गठन हुनुपर्ने माग गरेका छन् ।

कार्यक्रममा प्रतिनिधिसभाका स्वतन्त्र सांसद किरण साहले फरकमत राखेका थिए । उनले मुस्लिम आयोग खारेज भन्दा अन्य धार्मिक आयोगहरु पनि गठन गराउने तिर लाग्नुपर्ने सुझाव दिए ।

उनले नेपालको ८० प्रतिशतभन्दा बढी सनातन हिन्दू धर्मावलम्बीहरु हुँदाहुँदै पनि हिन्दू आयोग गठन नहुनु चिन्ताको विषय रहेको बताए ।

उनले नेपालमा हिन्दू, बौद्ध, किरातलगायतका अन्य धार्मिक आयोगहरु पनि गठन हुनुपर्ने बताएका छन् ।

यसैबीच, पूर्वमन्त्री लार्केल लामाले विश्वमा नेपाललाई चिनाउने भगवानका अनुयायी बौद्ध धर्मावलम्बीहरुप्रति अन्याय भएको जिकिर गरे । उनले बौद्ध सबै धर्मको संरक्षणका लागि राज्यले आयोग गठन गर्नुपर्ने धारणा राखे ।

कार्यक्रममा अभियानका वरिष्ठ नेता तथा संविधानसभाका सदस्य वीपि यादवले मुस्लिम आयोगको नाममा नेपालमा हत्या हिंसा मच्चाउन खोजिएको आरोप लगाए ।

उनले मुस्लिम आयोग खारेज गर्नैपर्ने बताउँदै यसका लागि आगामी दिनमा अभियानले सशक्त कार्यक्रमहरु गर्ने बताए ।

कार्यक्रमका अध्यक्षता गरेका अभियानका संयोजक विनय यादवले नेपाललाई जिहादीको अखाडा बनाउन मुस्लिम आयोग गठन गरिएको दाबी गरे ।

उनले विदेशी अतिवादी मुस्लिम आतंकवादीहरुको अखाडा नेपाल बन्न लागेको भन्दै आक्रोश व्यक्त गरेका छन् ।

'मुस्लिम आयोगको नाममा खुलेआम मुस्लिम आयोगका पदाधिकारीहरुसरकारीस्रोतसाधनको दुरुपयोग गरेर विमानस्थलबाट अपराधीहरुलाई उम्काउने काम गरिरहेका छन्', उनले भने, 'मुस्लिम आयोगको गतिविधि हामीसँग लुकेको छैन ।'

उनले मुस्लिम आयोगको नाममा विदेशी जिहादीलाई नेपाल भित्र्याएर सोझासाझा नेपाली मुस्लिमहरुलाई जिहाद र कट्टरवादको प्रशिक्षण दिइरहेको आरोप लगाए ।

यसैगरी, कार्यक्रममा हर्क स्वार, प्राध्यापकद्वय कुंजीलाल यादव र डा. श्यामनारायण लाभ, अवलेश गुप्तालगायतले आ-आफ्नो धारणा राखेका थिए ।

पानीको स्रोत तथा वितरण प्रणाली सफा राखौं

- पानीको मुहान तथा स्रोतलाई सफा र सुरक्षित राखौं ।
- खानेपानीको मुहान तथा स्रोतमा गाईवस्तु, चराचुरुङ्गी तथा अन्य जीवजन्तु छिर्न नसक्ने गरी तारबार गरौं ।
- पानीको मूल, पानी प्रशोधन यन्त्र तथा पानी भण्डारण गर्ने ट्याङ्की समयसमयमा सफा गरौं ।
- घर तथा सार्वजनिक स्थलका पानी टयांकी, धाराका टुटी तथा पानी संकलन गरिएका भाँडा समयसमयमा सफा गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८